www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १३ | पूर्णाङ्क ४२ | फागुन २०७२




## भूमिबारे नयाँ संविधान के भन्छ ?

# भूमि अधिकार

वर्ष १३ | पूर्णाङ्क ४२ | फागुन २०७२

नयाँ संविधान र भूमि अधिकारको संघर्ष...४

भूमि अधिकार अभियानको अनुभूति र अबको बाटो...५

भूमिअधिकार आन्दोलन, ज्ञानसहितको परिचालन...७

भूमिबारे नयाँ संविधान के भन्छ?...८

नेपालमा भूमिसुधार केका लागि र कसरी ?...११

पुनर्निर्माण प्रक्रियामा भूमिसुधारको सवाल...१४

विपतमा काम गर्दाको अनुभव...१८

"पुनर्निर्माणमा सघाउन पाउँदा गर्व लाग्यो"...२१

ब्ल्याक सी को किनारामा...२२

अस्थाइ आवासले ल्यायो खुसी...२४

"सहयोग र उत्प्रेरणाले सफल भइदोरहेछ"...२६










प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, धापासी-८, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

CSRC
आत्मनिर्भर केन्द्र

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**कभर फोटो** : नयाँ संविधानमा भूमिअधिकारको प्रत्याभूतिको माग गर्दै राष्ट्रिय भूमि अधिकारमञ्च र आत्मनिर्भर केन्द्रले सञ्चालन गरेको राष्ट्रिय अभियान ।

# नयाँ संविधान र भूमि अधिकारको संघर्ष

नयाँ संविधान जारी भएको छ। भूमिका सम्वन्धमा राज्यका दृष्टिकोणहरू तय गर्ने, भूमि व्यवस्थापनका लागि कानूनी आधार तयार पार्ने र भूमिका सम्वन्धमा किसानहरू र भूमिहिनहरूले गर्ने मागलाई सम्बोधन गर्ने आधार पनि यहि संविधानले दिने हो। यसरी हेर्दा नेपालको संविधान २०७२ नेपाली भूमि अधिकारकर्मीहरू र भूमिबाट बञ्चित किसानहरूका लागि मात्र होइन आवासको अधिकार माग गरिरहेकाहरूका लागि पनि महत्वपूर्ण दस्तावेज हो।


संविधानले तोकेरै केहि यस्ता व्यवस्था गरेको छ जसले किसानहरूलाई अधिकार दिन केहि दिशानिर्देश गरेको छ। दलितहरूलाई एकपटकका लागि आवासका लागि जमिन उपलब्ध गराउने, भूमिको उत्पादकत्व बढाउन किसानहरूका पक्षमा भूमि वितरण या भूमि सुधार गर्न सक्ने व्यबस्था संविधानले गरेको छ। संविधानका कतिपय यस्ता छिद्रहरू छन् जसबाट प्रवेश गरेर भूमिलाई किसानमूखि वितरणको आधार बनाउन सकिन्छ (यस सम्वन्धमा विस्तारमा हेर्नुहोस यसै अंकमा समेटिएको भूमिवारे संविधानमा के छ भन्ने रिर्पोट)। भूमिलाई वैयक्तीक सम्पतिका रूपमा लिईएको र सार्वजनिक हितका लागि राज्यले व्यक्तिको भूमि पनि कानून अनुसार क्षतीपूर्ति दिएर राष्ट्रियकरण या अधिकरण गर्न सक्ने व्यवस्था संविधानमा गरिएकोले यो एकप्रकारको विराधाभाषपूर्ण देखिन्छ। यस्तो विराधाभाषमा नै निजी क्षेत्र, बजार र भू-माफियाले खेल्न सक्ने भएकाले भूमि सम्वन्धी अधिकारका विषयहरूलाई बजार, निजि सम्पतिको रक्षाको हतियार बन्दै आएको न्यायलय समेतले भूमि अधिकार सम्वन्धी किसान र भूमिहिन आवासविहिनहरूले उठाई आएका मागहरूलाई कमजोर बनाउने खतरा रहिरहन्छ। यस्तो अवस्थाप्रति सचेत रहनु जरुरी छ।

यसै बीच भूकम्पका कारण आवासविहिन भएका र कतिपय क्षेत्रमा आवासका लागि जमिनविहिन बन्न पुगेका भूमिहिन परिवारहरूलाई सरकारले के कसरी जमिनको व्यवस्था गर्ने छ, आफ्नो स्वामित्वमा जमिन नभएकाहरूले कसरी सरकारले प्रदान गर्ने आवास अनुदान पाउने छन् भन्ने विषय पनि प्रष्ट भएको छैन। संविधान लागु हुन कैयन कानूनहरू बन्नु पर्ने र संविधानले तोकेका अधिकारहरू प्राप्त गर्न राजनीतिक क्षेत्रमा ठुलै दवाव सिर्जना हुनुपर्ने भएकोले कमसेकम तत्कालका लागि आवासलाई अधिकारका रूपमा लिई भूकम्प ग्रस्त क्षेत्रका भूमिहिनहरूका लागि घर बनाउन सरकारले नै जमिनको व्यबस्था गर्ने गरि आवाज उठाउन आवश्यक भएको छ। अबको प्रयास त्यतै केन्द्रित गरिनुपर्छ।

सरकारले भू-उपयोग नीति ल्याएको र त्यसलाई कार्यान्वयन गर्ने कानून बनाउने तयारी गरिरहेको छ। अवश्य पनि यस्तो कानून बनाउँदा नयाँ संविधानले निर्दिष्ट गरेका नागरिकहरूका हक अधिकारलाई निश्चित गर्ने प्रयास गरिनुपर्छ। यसका लागि पनि केहि स्तरको पैरवी र दवावको आवश्यकता पर्नेछ।

भूमि अधिकारको यो अंक अलि ढिलो हुन गयो। पाठकहरूसंग भूमि अधिकारका लागि भएका संघर्षहरू, भूमि अधिकारका विषयमा समकालीन राजनीतिमा उठेका मुद्दा र त्यस सम्बन्धी बहसहरूलाई पाठकहरूसम्म पुऱ्याउने हाम्रो अभिष्ट जारि छ। आशा छ यस अंकमा सामेल गरिएका सामाग्रीहरू पाठकहरूका लागि सुचनामूलक र ज्ञानवर्धक हुनेछन्। आउने दिनमा यसलाई निरन्तरता दिन हामी प्रतिबद्धता जाहेर गर्दछौं।





**सोम प्रसाद भण्डारी**
पूर्व अध्यक्ष, राष्ट्रिय भूमिअधिकार मञ्च

# भूमि अधिकार अभियानको अनुभूति र अबको बाटो

देशभर रहेका भूमिमा श्रम गर्ने र भूमि अधिकारबाट बञ्चितहरूलाई गोलबद्ध गर्दै उनीहरूले भोगिरहेको अन्याय, अत्याचार र शोषणलाई बाहिर ल्याउने र अधिकार हननका घटना अन्त्यका लागि संगठित आवाज बुलन्द गर्ने उदेश्यले राष्ट्रिय भूमि अधिकार मञ्च गठन भएको हो। त्यसका साथै भूमि अधिकार सहित सामाजिक न्याय तथा मानव अधिकारको सुनिश्चितताका लागि नीतिगत तहमा भुमिहीनहरूको पँहुच स्थापित गर्नु पनि मञ्चको एक प्रमुख उदेश्य हो।

भूमि अधिकारको आन्दोलनमा लाग्दा धेरै महत्वपूर्ण उपलब्धीहरू हासिल गरेका छौ। भूमिहीनका मुद्दा सशक्त रूपमा उठेको छ, कार्यन्वयन पक्ष फितलो भएपनि नीतिगत सुधार प्रशस्त भएका छन्, गरीब, सीमान्तकृत किसान र भूमिहीनहरूको देशव्यापी संगठन बनेको छ। तर के पनि साँचो हो भने आन्दोलनमा लाग्दा लाग्दै हामी पुरै परनिर्भर भयौं। भूमि अधिकारको सवाल भनेको राजनैतीक मुद्दा हो र यसलाई राजनैतीक हिसाबले टुङ्ग्याइन्छ भन्ने सोचेर दशकौं अरूकै आश गरेर बस्यौ। यो नै हाम्रो मुख्य कमजोरी थियो। कुनै पनि संघसंस्थाले वा राजनीतिक दलले हाम्रा सवालहरूमा बोल्दिन, लेख्दिन र नैतीक तथा भौतिक रूपमा सहयोग गर्न सक्लान् तर उनीहरूले हाम्रो सवालको नेतृत्व गरिदिन सक्दैनन्। आफ्नो मुद्दाको नेतृत्व आफैले लिनुपर्छ। भूमि अधिकार मञ्चले नै अगुवाइ नगरेसम्म भूमि मुद्दामा दिगो परिवर्तन सम्भव छैन। त्यसैले अबका दिनमा हामीले भूमि मुद्दामा अझै बढी निर्णायक भूमिका लिन आवश्यक छ।

सवालको नेतृत्व अलावा पनि हामीले सुधार गर्नुपर्ने थुप्रै पक्षहरू छन्। हामीले विगतमा हाम्रा कामको गहिरो

---

**पुरानै शैली, पुरानै योजनाहरूबाट संगठनलाई बलियो बनाउन सकिदैन। नयाँ संविधान र नयाँ राजनैतीक परिवेशलाई मध्यनजर गरी नयाँ सोच र रचनात्मक क्रियाकलापहरूबाट अगाडी बढ्नुपर्छ।**

---

अनुगमन र मुल्याङ्कन गरेनौं। ३ महिना, ६ महिना वा वर्ष दिनमा कुनै सीमित ठाउँमा बसेर गरिएको समीक्षाले अनुगमन र मुल्याङ्कनको पाटोलाई पूर्ण रूपमा छुन सक्दैन। अनुगमन तथा मुल्याङ्कनको पक्ष कमजोर हुँदा गाँउ मञ्च, जिल्ला मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चको कामगराई र प्रभावकारितामा कमी आउँछ। हामी कहाँ छौ र कहाँ जान चाहन्छौ र त्यसका लागि के के कार्यविधी अपनाउनुपर्छ भन्ने कुरामा स्पष्टता नभएसम्म हाम्रा कुनै पनि काम नतिजामूखी हुन सक्दैनन्।

यसका लागि जिल्ला मञ्च, राष्ट्रिय मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र समेत को स्थायी अनुगमन तथा मुल्याङ्कन टिम निर्माण गरेर निरन्तर अनुगमन र मुल्याङ्कनको कामलाई मुख्य योजना बनाइ अघि बढाउनु पर्छ।

हामीले काम थाल्दा देखि आजका दिनसम्म हाम्रै वरिपरि थुप्रै परिवर्तन आइसके तर हाम्रो अभियान सञ्चालन गर्ने तरिकामा खासै बद्लाव आएको छैन। अधिकार प्राप्तिका नाममा बाह्रैमास आन्दोलन मात्रै गरिरहन पर्छ भन्ने भ्रमबाट अब हामीले मुक्त हुनु पर्छ। जुन बखत भूमि अधिकारका घटनाहरू घटेको जानकारीमा आउछ त्यतिबेलै सामुहिक शक्तिको बलमा संगठन प्रतिकारमा उत्रिनु पर्छ तर त्यस बाहेक पनि आफ्ना मुद्दाप्रति सद्भाव र समर्थन बढाउन अरू के कस्ता रचनात्मक कामहरू गर्न सकिन्छ, त्यसबारे हामीले गम्भिरतापूर्वक सोच्न जरुरी छ। आन्दोलन बाहेक विधान, नियमावली, आचारसंहिताले तोके बमोजिमको कामलाई हामीले नियमितता दिनुपर्छ।

विगतको हाम्रो एक सिकाइ के रह्यो भने हामीले हाम्रा अगुवा कार्यकर्ताहरूलाई संरक्षण दिन सकेनौं। पुराना संगठनका सदस्यहरूलाई कृषि उद्यममा लगाइ काम दिन नसक्दा ती सदस्य र संगठनहरू निष्क्रिय बन्दै पलायन भए। अबका दिनमा संगठनका अगुवा, अभियानकर्ता र कार्यकर्ताहरूलाई कृषि उद्यम, आर्थिक आयआर्जनका कामहरूमा समाहित गर्दै जाने योजना बनाउनुपर्छ। कृषि सहकारी निर्माण र यसका मातहतमा रहने गरी तरकारी खेती, पशुपालन, फलफूल उत्पादन उपसमूहहरू बनाउने र जिल्ला कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रहरू सँग अगुवा कार्यकर्ताहरूको समन्वय गराइ सरकारी निकाय र स्रोतहरूमा उनीहरूको पँहुच पुऱ्याउने बाटो अब हामीले लिनु पर्दछ। त्यस्तै मञ्चले आफ्ना संगठनका सदस्यहरूको हकमा "एक परिवार, एक

रोजगारको" अवधारणालाई अवलम्बन गर्नुपर्छ। यो कार्यलाई सरकारी बजेट र कार्यक्रमसँग जोडेर सेवा प्रदान गर्ने नीति लिनुपर्छ। यसका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले संगठनका महिला र पूरुष किसानहरूलाई जेटिए, पशु भेटनरी, तरकारी खेती पशुपालन र प्लम्बर, इलेक्ट्रोनिक जस्ता अन्य सीपमुलक तालिम आदिबाट क्षमता विकास गराउने र विभिन्न कृषि उद्यमका लागि स्रोत खोजी गर्ने कामलाई प्राथमिकताका साथ अगाडी बढाउनु पर्दछ।

अन्त्यमा संगठनमा हाम्रो भूमिका के र जिम्मेवारी के भनेर पनि हामी सबैले आत्ममुल्याय्न गर्न जरुरी छ। प्रजातान्त्रिक विधी अनुसार चल्ने कुनै पनि संस्थामा नेतृत्व परिवर्तन हुनु र सदस्य आउने जाने गर्नु एक स्वभाविक प्रक्रिया हो। तर नयाँ मान्छे आउने र पुरानाले संगठनलाई बिर्सदै जाने हो भने संगठनको उपादेयता के भनेर हामीले आफैलाई पनि प्रश्न गर्नुपर्ने हुन्छ। संगठनलाई निरन्तर बलियो बनाउने, आआफ्नो ठाउँबाट सक्दो योगदान गर्ने र संगठनको मूल मर्मलाई आत्मसात गर्ने जिम्मेवारी त नयाँ पुराना सबै सदस्यको हो।

## हालसम्मका कामहरूबाट भएका सिकाइहरू

### तथ्याङ्क

वकालतमा तथ्याङ्कको ठूलो महत्व हुन्छ। हामीले उठाएको मुद्दालाई विश्वसनीयता प्रदान गर्ने तथ्याङ्कले नै हो। नीतिगत तहमा हाम्रो मागको पुष्ट्याई गर्ने र वकालतलाई बलियो र अर्थपूर्ण बनाउने पनि तथ्याङ्कले नै हो। तसर्थ सही, स्पष्ट र मुद्दा सम्बन्धित तथ्याङ्क को संकलन र प्रयोग हाम्रो प्राथमिकतामा पर्नु पर्छ।

### अनुगमन र मुल्याङ्कन

हाम्रो अभियानले अपेक्षित प्रतिफल हासिल गर्न नसक्नुको मुख्य कारण भनेकै कमजोर अनुगमन तथा मुल्याङ्कन हो भन्ने सिकाइ भएको छ। प्रत्येक क्रियाकलापहरूको लागत पक्षको पनि आवधिक वा क्रियाशील अनुगमन गरि निर्दिष्ट उद्देश्य प्राप्त गर्ने योजना नहुनु नै अभियानको कमजोरी पक्ष हो भन्ने हाम्रो सिकाइ रहेको छ। आगामी दिनमा यो प्रक्रियालाई बढि जोड दिन पर्ने देखिन्छ।

### मानव संशाधन

हरेक अभियान र क्रियाकलापको मुटु भनेको मानव संशाधन नै हो। संगठनको नीति, मुल्य, मान्यतालाई मानसपटलमा राखेर काम गर्न सक्ने सक्षम अगुवाले नै संगठनलाई सही मार्गनिर्देश गर्न सक्छ। हामीले यस्ता कार्यकर्ता निर्माणमा कम ध्यान दिएको हो कि भन्ने हामीले अनुभव गरेका छौ। भएका कार्यकर्तालाई पनि संरक्षण गर्न नसकेको महसुस भएको छ। अतः यस कुरामा हामीले बढि जोड दिएर कार्यकर्ता उत्पादन, संरक्षण र कार्यकर्ताका आर्थिक उत्पादनका योजना बनाउन आवश्यक छ।

### वैचारिक वहस

संगठन निर्माण र परिचालनमा जिल्ला देखि गाँउ मञ्च सम्म वैचारिक छलफल र बहसलाई तहगत रूपमा पुऱ्याउन नसक्नुले संगठनको वैचारिक धरातल कमजोर हुन पूगेको छ। यस प्रक्रियालाई अभियान कै रूपमा लैजान पर्ने देखिन्छ।

### अबको योजना

सधैभरी पुरानै ढाँचा, पुरानै शैली, पुरानै योजनाहरूबाट संगठनलाई बलियो बनाउन सकिदैन। नयाँ संविधान र नयाँ राजनैतीक परिवेशलाई मध्यनजर गरी नयाँ सोच र रचनात्मक क्रियाकलापहरूबाट अगाडी बढ्नुपर्छ।

१. बृहत कृषि सहकारी गठन र कृषि उद्यमसँग जोडेर आफ्ना संगठनका सदस्यहरूको एक परिवार, एक रोजगारको सिद्धान्तलाई अबलम्बन गर्नुपर्छ।
२. जिल्ला मञ्चका अध्यक्षहरूको राष्ट्रिय भेला गर्ने र भेलाले मञ्चको समय सापेक्ष रणनीतिक योजना तयार गर्ने।
३. प्रत्येक जिल्ला मञ्चको प्रतिनिधी, राष्ट्रिय मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र समेतको स्थायी अनुगमन र मुल्याङ्कन समिती बनाउने र यसले नियमित अनुगमन र मुल्याङ्कन गर्ने।
४. जिल्ला मञ्चको पूर्ण बैठक गर्ने र जिल्लाको अभियानको समीक्षा गरी योजना बनाउने।
५. केन्द्रीय सदस्य र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र समेतको उपस्थितीमा जिल्लाका संघसंस्थाहरूसँग समन्वय बैठक गर्ने
६. भूमि अधिकारको मुद्दा राजनैतीक सवाल भएको हुदाँ स्थानीय तहदेखि राष्ट्रिय तहसम्ममा राजनीतिक पार्टीहरूसँग भूमि, कृषि र खाद्य अधिकारका मुद्दालाई राजनैतिक बहसको विषय बनाउने।
७. सबै गाँउमञ्च सम्म पुग्न आँट गर्ने र भूमि अधिकार अभियानको वैचारिक छलफलका लागि शिविरहरू संञ्चालन गर्ने र उनीहरूको संस्थागत विकासमा जोड दिने। नयाँ सदस्यता दिने , नवीकरण गर्ने, व्यवस्थापन गर्ने, आन्दोलन कोषका आधार के के हुन सक्छन् भनेर रेखाङ्कन गर्ने। गाँउमञ्चका सदस्यहरूलाई थप सिर्जनात्मक बनाउने। मञ्चको वैचारिक पक्षमा कमी छ। त्यसमा थप प्रष्टता ल्याउने।
८. गाँउ मञ्चहरू जिल्ला मञ्चमा दर्ता गर्ने अभियानहरू संचालन गर्ने।
९. कृषि उद्यमका सम्भावनाहरूको खोजी, नक्साङ्कन र सूचीकृत गरि योजनाहरू अघि बढाउने।
१०. मञ्चले यो वर्षभित्र गरेका उपलब्धी, सिकाइहरू, भोगेका चुनौतीहरूको संगालो निर्माण गर्ने र चौथो राष्ट्रिय सम्मेलनको भिडियो क्लिप, संविधान, भूमि सम्बन्धी ऐन २०२१ को संशोधन विधेयक र संगठन सबलीकरणको अवधारणा सहितको अध्ययन सामाग्री केन्द्र र जिल्ला समेतलाई हुने गरि बनाउने र गाँउ मञ्च सम्म पुऱ्याउने।
११. धेरै भन्दा धेरै स्थानीय स्रोतको खोजी गर्ने र उपयोग गर्ने जस्ता योजना बनाएर जादा संगठन र भूमि अधिकार अभियानलाई लक्ष्य प्राप्ति सम्म पुऱ्याउन सकिन्छ। संगठनलाई परनिर्भरताबाट मुक्त गर्न स्थानीय स्रोत, आन्दोलन कोष निर्माणमा जोड दिदै सवल संगठन निर्माण र परिचालनबाट संगठनको प्रभाव र परिणाममुखी बनाउन सकिन्छ। यो प्रक्रिया केन्द्र, जिल्ला र गाँउमञ्चसम्म सबैले मनन गर्नु पर्दछ।



लय प्रसाद उप्रेती

# भूमिअधिकार आन्दोलन, ज्ञानसहितको परिचालन

गएको असोजमा प्राध्यापक डा. लय प्रसाद उप्रेतीको नेतृत्वमा भूमि अधिकार आन्दोलनको १५ महिने अवधीको मुल्याकंन भएको थियो । प्रतिवेदनमा उल्लेख भएका केही सिकाई र सुझावहरू यहाँ प्रस्तुत गरिएको छ ।

### आन्दोलनमा धेरै राम्रा अभ्यासहरू गरिएका छन्

राष्ट्रिय भूमिअधिकार मञ्च र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सहकार्यमा कार्यक्रम हुन थालेको छ । त्यसमा पनि मन्त्रालयको स्रोतमा दुवैले संयुक्त रूपमा कार्यक्रम आयोजना गर्नु राम्रो सुरुवात हो । यस्ता अभ्यासलाई जिल्ला तहमा पनि बढाएर लैजानुपर्छ । दलहरूलाई प्रभाव पार्न सक्ने संस्था र संगठनहरूसित सहकार्य गरि काम गर्नु अर्को राम्रो अभ्यास भएको छ ।

जिल्लाले व्यवहारिक योजना बनाएको छ । नियमित आलोचनात्मक समीक्षा गरेको छ । अनुगमन र पृष्ठपोषण परिपाटी राम्रो बनाएको छ । जहाँ सक्षम जनशक्ति परिचालन गरिएको छ, त्यहाँ नतिजा पनि आएको छ । संगठन पनि सक्षम बन्दै गएको छ । त्यसैले प्रत्येक जिल्ला मञ्च स्वयंको अनुगमन गर्ने प्रणाली व्यवस्थित योजना हुनुपर्छ ।

जहाँ स्रोतको विविधिकरण छ, आत्मनिर्भर केन्द्रको मात्र भर नपरी अरू संस्थासित पनि सहकार्य गरि स्रोत ल्याएका छन्, त्यहाँ संगठन चलायमान छ र संस्थागत विकास पनि हुँदै गईरहेको छ । किटानी साथ कामको बाडफाँड भएको र सीप अनुसार जिम्मेवार विभाजन भएको ठाउँ पनि राम्रो भएको छ । सरकारी निकाय, राजनीतिक दलसित सहकार्य भएको संगठन फैलिँदै गएको छ । आफ्नो टीमभित्र सिमित रहेको संगठन स्थापित हुन सकेको छैन । सक्षम र युवा बिचार भएका अगुवा परिचालन भएको संगठनले नतिजा ल्याउन सकेको छ ।

**विचार आन्दोलनको जीवन्त शक्ति हो । १० हजार जनाको जुलुस निकाल्यौ तर माग स्पष्ट भएन भने त्यो सहभागिताको अर्थ हुँदैन ।**

रूपान्तरणमूखी जनकेन्द्रित अभियान सञ्चालन गरेर देशको मूल कानून संबिधानमा आफ्ना मुद्दा धेरै हदसम्म सम्बोधन गराउन सफल हुनु महत्वपुर्ण उपलव्धी हो । यो आन्दोलनमा सुधारेर लानुपर्ने पक्ष पनि छन् । कृषि सहकारी बनाउन आवश्यक छ । तर अहिले बनाईएका सहकारी बुझेर बनाएका देखिएनन् । अरू सहकारी भन्दा भिन्नता पाइएन । यसलाई पुर्नविचार गर्नुपर्छ ।

भूमिअधिकार मञ्चहरूलाई अझै बिचारको संगठन बनाउन सकिएन । अधिकार दावी गर्ने भन्दा बढी पुर्जा केन्द्रित भयो । दुरगामी लक्ष्य र सोचको विकास भएन । विचार गर्ने, नेतृत्व गर्ने क्षमताको लागि ज्ञानको पक्ष बढाएर लैजानु पर्छ । सिक्नका लागि, चिन्तनका लागि पक्षपातमुक्त चित्त हुनुपर्छ । हरेक मान्छेले सिक्न खोज्नुपर्छ । हामीले कमजोर देखेका व्यक्तिसित महत्वपूर्ण ज्ञान हुन सक्छ ।

विचार आन्दोलनको जीवन्त शक्ति हो । १० हजार जनाको जुलुस निकाल्यौ तर माग स्पष्ट भएन भने त्यो सहभागिताको अर्थ हुँदैन । जुलुसलाई मागले खल्लो बनाईदिन्छ । त्यसैले विचार बलियो बनाउने कुरा पनि सँगै लैजानुपर्छ । ज्ञानका लागि अर्गानिक योजना चाहिन्छ । आफ्नै तरिकाले ज्ञान लिने, किताब पढ्ने, रेडियोमा समाचार सुन्ने, विचार विमर्श गर्ने योजना बनायौं भने ज्ञान बढ्दै जान्छ ।

संगठन बन्नु आफैमा पनि उपलब्धि हो भन्ने कुरामा जागरण ल्याउनुपर्छ । छरिएका समुदाय एक ठाउँमा आउनु, आफ्नो पहिचान बनाउनु, स्थानिय तहमा अधिकार दावी गर्नु, संगठनको नियमित काम हो । त्यसैले यो आफैमा उपलब्धि हो । प्रत्येक संगठनलाई आर्थिक वृद्धिका काममा लगाउनुपर्छ । आफै काम गर्न उत्प्रेरित गर्नुपर्छ । राजनीतिक माग पनि उठाउँदै जानुपर्छ । जिल्ला मञ्च, गाउँ मञ्चलाई सिक्ने थलो बनाउनुपर्छ । त्यसको अभिलेखन र प्रचार पनि हुनुपर्छ ।

वकालतलाई प्रमाणमा आधारित बनाउन सक्नुपर्छ । जब वकालतका क्रममा तथ्य, कथा र प्रमाण पनि पेश गरिन्छ त्यसबेला सरोकारवाला निकाय कुरा सुन्न बाध्य हुन्छन् ।

# भूमिबारे नयाँ संविधान के भन्छ?

जनताका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारलाई सुनिश्चित गर्न अहिलेको संविधानमा यस भन्दा पहिलेका संविधानमा भन्दा व्यापक विषयहरू समेटिएको छ। भूमि सम्बन्धी विषयहरू मौलिक हककै रूपमा पनि र राज्यको निर्देशक सिद्धान्त, नीति र राज्यका दायित्वहरूहरू अर्न्तगत पनि समेटिएको पाईन्छ जसले भूमिहिन र साना किसानको हकअधिकार र हित सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने छ।

यी मध्ये केही धाराले स्पष्ट रूपमा भूमि मुद्दा को सम्बोधन गरेका छन् भने केहीले भूमिअधिकारको उपभोग र प्रत्याभूतिमा सघाउ पुऱ्याउने देखिन्छ। नेपालको संविधान २०७२ ले भूमिका सम्वन्धमा गरेका केहि महत्वपूर्ण व्यवस्थाहरूलाई यसरी सुत्रवद्ध गर्न सकिन्छ।


## मौलिक हक

**सम्मान पूर्वक बाँच्न पाउने हकः** धारा १६ ले यो हकको प्रत्याभूति भएको छ। भूमिका अध्येताहरू भन्ने गर्दछन् भूमि शक्ति हो, भूमि नै जीवन हो। तसर्थ, यो हक जनताको भूमि अधिकारसंग प्रत्यक्ष सम्बन्धित छ। साथै भूमिले मानवको पहिचान पनि दिने हुँदा भूमिमा पहुँच नभएकाहरूले पहिचान पाउन नसकी पहिचानका अलावा दर्जनौ अन्य समस्या भोगीरहेको अवस्थामा यो धाराले भूमिमा सबैको पहुँच निर्माण हुनुपर्दछ भन्ने कुरालाई इङ्गित गरेको छ।

**सम्पत्तिको हक :** धारा २५ मा रहेको यो व्यवस्थामा प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ भनिएको छ। यो धाराका आधारमा भूमि पनि व्यक्तिगत सम्पत्ति अर्न्तगत पर्दछ।

**खाद्य सम्बन्धी हकः** खाद्यान्न उत्पादन हुने ठाउँ भूमि हो। त्यसैले धारा ३६ को प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक






हुनेछ भन्ने व्यवस्थालाई न्यायोचित भूमि वितरणसंग जोडेर हेर्न सकिन्छ ।

**आवासको हक :** धारा ३७ ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ र कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भन्ने व्यवस्था गरेको छ । यस धाराले सुरक्षित बासको कुरा गरेको हुँदा बास नभएकालाई बासको व्यवस्था गरिदिनु र कसैलाई पनि बस्दै आएको ठाउँबाट हटाउन नमिल्ने कुराको प्रत्याभूति गर्दछ ।

**सामाजिक न्यायको हक :** धारा ३६ मा रहेको यो व्यवस्थाले प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ भनेको छ । भूमिसंग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्ति भनेको किसान हो । यदि कृषकहरू कृषि कार्यबाट बेदखल भए भने उनिहरूको पेशा व्यवसाय गर्न पाउने हकको विपरित हुन्छ । त्यसैले किसानको भूमिमा पहुँच स्थापित गर्दा मात्र उनिहरूप्रतिको राज्यले पूरा गर्नुपर्ने सामाजिक न्यायको दायित्व पूरा हुने हुन्छ । यस कुरालाई संविधानले स्वीकार गरेको छ ।

**महिलाको हक :** धारा ३८ मा समेटिएको यो प्रावधानमा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ भन्ने कुरा उल्लेख भएको छ । भूमिलाई पनि व्यक्तिको सम्पत्ति मानेको यो संविधानले सम्पत्तिमा महिला पुरुषको समान अधिकार हुने कुराको प्रत्याभूति गर्दा महिलाहरू विरुद्ध हुने विभिन्न खाले विभेद अन्त्य गर्दै समतामूलक समाज निर्माणमा एक महत्वपूर्ण कदम चालेको छ ।

**दलितको हक :** समाजको सबै भन्दा बहिष्कृत र अन्यायमा परेको समुदाय दलित समुदाय हो भन्ने कुरा यो धारा रहेको व्यबस्थाले प्रमाणित गरेको छ । त्यसैले सकारात्मक विभेदको नीति लिदै भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनुपर्ने र आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्ने कुरामा राज्य सहमत भएको छ । संविधान भित्र समेटिएका भूमि सम्बन्धी विभिन्न महत्वपूर्ण व्यवस्थाहरू मध्य यो पनि एक हो ।

**समानताको हक :** धारा १८ को यो समानता सम्बन्धी हकले पछाडी परेका किसानहरूको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष

## भू-उपयोग नीति, २०७२

भू-उपयोग नीति, २०६९ को तुलनामा संशोधित नयाँ नीति धेरै परिमार्जित छ । अनावश्यक गन्थन हटाईएको र नीतिलाई बलियो बनाईएको छ । तथापि नीतिलाई अझ प्रभावकारी बनाउन सकिने महसुस गरी सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले निम्न सुझावहरू मन्त्रालय समक्ष प्रस्तुत गरेको छ ।

### सुझाव

संगठन संरचनामा राष्ट्रिय भू-उपयोग परिषदको व्यवस्था उल्लेख हुनु पर्ने वा नपर्ने सम्बन्धी निर्णय गर्न जरुरी छ । व्यवस्थापीका संसदमा विचाराधीन भूमि सम्बन्धी विधेयकमा भू-उपयोग परिषदको व्यवस्था गरिएको छ । सो व्यवस्था नीतिमा पनि हुँदा राम्रो होला । साथै प्रस्तावित भू-उपयोग नीतिमा जिल्लास्तरीय भू-उपयोग कार्यान्वयन समिति छ । अब जिल्लाको संरचना नरहने सम्भावना भएकाले केन्द्रिय, प्रदेश र स्थानीय गरी तीन प्रकारको संरचना सोच्दा उपयुक्त हुन्छ । हैन भने यो नीति पारित हुँदा नहुँदै पुरानो भैसकेको हुन्छ ।

भू-उपयोग नीतिलाई सफल बनाउन समुदायको जागरण, क्रियाशिलता, उनीहरूको भूमिका प्रमुख हुन्छ । स्थानीय भू-उपयोग समितिले मात्र समुदायको पुरा अपनत्व विकास हुन सक्दैन । प्राविधिकले भू-उपयोग नक्शा तयार पार्दा पनि समुदायको बढि सहभागिता र सहयोग चाहिन्छ । प्राविधिकको ज्ञानले मात्र पुग्दैन । यो पुरै नीति कार्यान्वयनमा समुदाय तहमा छलफल, बहस, योजना निर्माणमा उनिहरूको सक्रिय सहभागितालाई प्रमुख कार्यनीतिका रूपमा लिईने छ भन्ने विषय अनिवार्य उल्लेख हुनुपर्ने । यसो गर्न सकिएन भने विवाद बढेर जान्छ ।

### थप्नुपर्ने बुँदाहरू

नीति ९ मा : खेर गईरहेका, उपयोगविहीन र कमसल जग्गालाई उपयोग्य बनाउन राज्यले विस्तृत योजना बनाई भूमि विकासको लागि लगानी गर्नेछ भन्ने बुँदा थप्नुपर्ने ।

नीति (७) सँग सम्बन्धित ४१ बुँदामा चुरे क्षेत्र (कुल भू-भागको १३ प्रतिशत, ५४ लाख जनसंख्या) मा बसेकाको स्थान्तरण सम्भव छैन । यद्दपी उक्त बुँदामा चुरे क्षेत्रको मानव वसोवास गर्न अति जोखिम भएको क्षेत्र भन्न खोजिएको हुनुपर्छ । सो बुँदा लाई चुरे क्षेत्र भित्रका मानव बसोबास गर्न अति जोखिम भएका क्षेत्रको नक्शाकंन गरी त्यस्ता क्षेत्रबाट वस्ती स्थान्तरण गर्ने भन्ने व्यवस्था हुनुपर्ने ।

अल्पसंख्यक जस्तो वनकरिया, राजी, राउटे आदिले उपयोग गर्दै आएका क्षेत्रलाई के कसरी संरक्षण गर्ने भन्ने विषयमा भू-उपयोग नीतिमा विचार गर्नुपर्ने ।

अनुगमन तथा मुल्याकंन सम्बन्धी व्यवस्थामा ५,५ वर्षमा गरिने मुल्याकंन टोली खुल्ला र प्रतिष्पर्धामुलक प्रक्रियाबाट चयन गरिने छ भन्ने उल्लेख हुनुपर्ने ।

व्यवस्था गर्नुपर्ने कुरा गर्दा भूमिसंग प्रत्यक्ष सरोकार राख्ने किसानहरूलाई मूलधारमा ल्याउन विभिन्न प्रयासहरू राज्यले गर्नुपर्ने कुराको प्रत्याभूति गरेको पाईन्छ ।

मौलिक हकका अलावा राज्यको निर्देशक सिद्धान्त, नीति र राज्यका दायित्वहरूमा पनि भूमि सम्बन्धी केहि सवालहरू समेटिएका छन्, ति हुन् :-

**कृषि र भूमिसुधार सम्बन्धी नीति :** धारा ५१, ङ मा समेटिएको यो व्यवस्था भित्र भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने नीति राज्यले लिनेछ भन्ने कुरा संविधानमा उल्लेख गरिएको छ । त्यस्तै, भूमिसम्बन्धी राज्यका अन्य नीतिहरूमा अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने तथा कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने रहेको छ ।

प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिः धारा ५१ छ मा रहेको यो व्यवस्था अन्र्तगत निम्न कुराहरू पर्दछन्ः-

- जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने,
- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने,
- वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने,
- प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,
- वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने, र

**कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने तथा कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने नीति रहेको छ ।**

- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने ।

नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति : धारा ५१, ज का निम्न व्यवस्थाहरू भूमि सवालसंग नजिक छन्ः

- अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने महत्वपूर्ण रहेका छन् ।

भाग ३२ धारा २९० मा रहेको "गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानून बनाउने छ" भन्ने व्यवस्था भूमिसँग प्रत्यक्ष सम्बन्धित बिषय हो । यसले गुठी जग्गा जोतभोग गर्दै आईरहेका किसानहरूलाई भूमिको स्वामित्व दिलाउनुपर्ने कुरालाई महत्वका साथ उठाएको छ ।

मौलिक हक अन्तर्गत व्यस्थित हकहरू राज्यले पूरा गर्ने पर्दछ । यदि ति हकहरू पूरा भएनन् भने धारा ४६, १३३ र १४४ मा रहेको संवैधानिक उपचारको हक अर्न्तगत न्यायलय प्रवेश गरी कार्यान्वयन गर्न गराउन सकिन्छ । राज्यको निर्देशक सिद्धान्त, नीति र राज्यका दायित्व अर्न्तगत व्यवस्थित प्रावधानहरू राज्यले पूरा नगर्दा न्यायालय प्रवेश गर्न त पाईदैन तर देशलाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने हुँदा यस भाग अर्न्तगतका बिषयहरू कार्यान्वन नगरी राज्यलाई सुखै हुँदैन । साथै राज्यले विभिन्न माध्यमद्वारा अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धताले सृजना गरेका दायित्वहरू पूरा गर्न पनि यो भागका व्यवस्था कार्यान्वयन गर्नै पर्दछ ।

# नेपालमा भूमिसुधार केका लागि र कसरी ?

**स्व. महेशचन्द्र रेग्मी**

म कुनै किसान होइन, जमिन्दार पनि होइन, सरकारी भूमिवेत्ता पनि होईन र योजनाकार पनि होइन । सिर्फ नेपालको आर्थिक इतिहासको एक विद्यार्थीको हैसियतले म आफनो धारणा राख्न लागिरहेको छु । मेरो ज्ञान भनेको भूमि र आर्थिक इतिहास सम्बन्धी किताब लेख्ने प्रक्रियामा आर्जित ज्ञान हो । यो कुरा म पहिले नै स्पष्ट पार्न चाहन्छु ।

भूमि व्यवस्थालाई अलग-अलग रूपमा हेर्नुहुदैन । यसलाई समग्र अर्थतन्त्रको एउटा भागका रूपमा मात्र हेरिनुपर्छ । भूमिसुधारको कार्यक्रमले मात्र उत्पादन वृद्धि, गरिबी, र बेरोजगारीका सारा समस्या सुल्झाउँछु भन्नु अयथार्थबादी दृष्टिकोण हो । सीमित र सम्भव उद्देश्य राखेर भूमिसुधार गर्नु र त्यो पूरा गर्न मरिमेट्नु नै सफलाको कसौटी हो ।

## भूमिसुधार के का लागि ?

भूमिसुधार गर्नुको उद्देश्य राष्ट्रिय विकासको प्रकियामा कृषि उत्पादानका क्षेत्रबाट सहयोग पुर्‍याउने हुनुपर्छ । भूमिसुधारले कृषि उत्पादनमा विकास गर्ने बाटो खोलोस र त्यसले समग्र अर्थतन्त्रको विकास प्रक्रियामा मद्दत पुर्‍याओस र यस दौरानमा समाजिक न्याय हुन सक्छ भने त्यो पनि होस यहि उद्देश्य राखेर नेपालमा भूमिसुधार गरिनु पर्छ । तर सामाजिक न्यायको नाममा कृषि उत्पादन पनि नबढ्ने, समग्र अर्थतन्त्रको विकास प्रक्रियामा पनि सहयोग नपुग्नेगरी भूमिसुधार गर्न खोज्नु मेरो विचारमा गलत छ ।

नेपालमा अहिले सीमान्त र साना किसान बहुसंख्यामा छन् र त्यहाँ खेतीको स-साना इकाईको बाहुल्य छ । पर्ता नपर्ने जमिनका स-साना इकाई नै यहाँको प्रमुख भूमि समस्या हो । 'जसको जोत उसको पोत' र सामाजिक न्यायको नाममा भूमिसुधार उद्देश्य यस्तो नहोस कि भएका स-साना इकाई पनि अरू टुक्रिउन , सीमान्त र साना किसान अरू बढुन् र नेपालमा निर्वाहका लागि हुने खेती (subsistence farming) वृतमा पुगिराखोस् । यस्तो गरेर कृषि उत्पादन बढ्छ र राष्ट्रिय विकास प्रक्रियामा सहयोग पुग्छ भन्ने मलाई लाग्दैन ।

नेपालको अहिलेको स्थतिमा 'जसको जोत उसको पोत' ले हामीलाई निर्वाहका खेती (subsistence farming) कै दायरा भित्र कैद गर्छ । र, जमिन आर्थिक हिसाबले पर्ता नपर्ने टुक्रामा अरू बेसी विभाजित हुनेछ भन्ने मलाई लाग्छ । फेरि 'जसको जोत उसको पोत' गरेर जुन जमिन वितरण गरिन्छ । त्यो जमिन घुमिफिरी धनीकै हातमा पर्न जान्न भने के निश्चितता छ ? 'जसको जोत उसको पोत' गर्नलाई मुअब्जा दिनुपर्‍यो, जमिनदार र जग्गाधनीलाई । त्यो मुअब्जा रकम कति हुन्छ र त्यो पैसा आउँछ नै कहाँ बाट ? लौ तपाईले जसरी त्यसरी ल्याउनुभो कहीबाट तर अर्बौको त्यो लगानी जमिनलाई स-साना इकाईमा टुक्राउनका लागि खर्च गरेर त्यसबाट देशलाई के फाईदा हुन्छ ? त्यो लगानीको प्रतिफल देशलाई कति मिल्छ ?

## भूमिसुधार कसरी ?

मेरो विचारमा देशमा जुन जमिन नजोतिकन जमिन ओगट्ने प्रणाली छ, त्यो उन्मुलन गर्नुपर्छ । तर जमिनमा व्यक्तिगत स्वामित्व चाहि सिर्जना गर्नु हुदैन । भनाईको तात्पर्य, देशमा गयल जमिनदारी (absente landlordism) अन्त्य गर्नुपर्छ । तर, जफत गरिएको जमिन किसानको व्यक्तिगत सम्पति हुनेगरि दर्ता गरिदिनु हुदैन । जोताहाको नाममा जग्गा दर्ता गर्नुहुदैन । त्यो जमिन गा.वि.स को नाममा दर्ता गरिनु पर्छ । गा.वि.स ले त्यो जमिनलाई आर्थिक हिसाबले फाइदाजनक हुने खेतका रूपमा सिर्जना गरिनु पर्छ । ती जमिनमा जोताहालाई खेती गर्न दिनुपर्छ लिजमा । वा २५ प्रतिशत उपज बाली तिरुन जोताहाले । बाँकी बचत चाहि गा.वि.स ले विकास कार्यमा लगाउनुपर्छ । यस्तो गरेमा आर्थिक हिसाबले पर्ता नपर्ने भूजोत (uneconomic holding) को समस्या पनि आउदैन । जमिन स-साना इकाइमा पनि टुक्रिदैन । निर्वाह खेतीको दोषबाट पनि बाँच्न सकिन्छ । हदबन्दीलाई पनि राम्ररी लागू गर्न सकिन्छ । र पुँजीको सिर्जना पनि हुन्छ ।

भूमिसुधारले चाल्नु पर्ने अर्को कदम मोहीयानी हकलाई बेच्ने अधिकार दिनु हो । यसो गरे पछि या त जग्गाधनीले मोहीसित जग्गा किन्नेछ । या मोहीले जग्गा धनीको । यसो गरे पछि सरकारले मुअब्जाका लागि टाउको दुखाई राख्नु नै परेन । जमिनमा जसको बढि चाख छ, उसले जग्गा लिनेछ । मोही र जग्गा धनी दुबैलाई छनौट गर्न अधिकार हुनेछ । प्रजातन्त्र भनेकै छनौट

**भूमिसुधारको कार्यक्रमले मात्र उत्पादन वृद्धि, गरिबी, र बेरोजगारीका सारा समस्या सुल्झाउँछु भन्नु अयथार्थबादी दृष्टिकोण हो ।**



अधिकार हो। तपाई किन अरूका लागि सोच्ने ठेक्का लिनु हुन्छ ? छनौटको अधिकार दिनुहोस जग्गाधनी वा जोताहा आफैले आफनो हितको कुरा सोचेर छनौट गर्नेछन्। बरु तपाई खेती बाहेकको अनुकुल बिकल्प खडा गरिदिएपछि आफनो रुची र क्षमताअनुसार मानिसले बिकल्पको छनौट गर्नेछ।

कमैया प्रथाकै अन्त्यका लागि पनि पहिले रोजगारीको विकल्प खडा गर्नुपर्छ अनि मात्र कमैया प्रथा अन्त्य गर्नुपर्छ। सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा उद्योग स्थापना भयो भने कमैया आफैले विकल्पको छनौट गर्नेछन्। जमिनमा चाप स्वतः कम हुनेछ। भन्न लागेको कुरा के हो भने, सरकारको संरक्षक प्रवृति (patronizing attiude) खत्तम गर्नुपर्छ। किसान गरिब छन्, अज्ञानी छन्, उनीहरूको सत्ता हामीले सोचि दिनु पर्छ, यस्तो संरक्षक प्रवृति अन्त्य गर्नु पर्छ। अवसर र विकल्प खडा गरिदिउँ। बाँकी उनीहरू आफै सोचुन् न।

हाम्रो देशमा के भइरहेछ भने किसानले जमिनमा खेति गर्ने होइन, जमिनले किसानको खेति गर्ने काम भइरहेछ। किसानलाई स-साना टुक्रा जमिनमा झुन्ड्याइराख्ने अड्काइराख्ने योजना यहाँ भईरहेछ। 'जसको जोत यसको पोत' भित्र त्यही योजना अन्तरनिहीत। त्यति खेति योग्य जमिन नै कहाँ छ र नेपालमा कि सबै किसानलाई खेतिले नै रोजगारी दिन सकोस् ? सबै समस्याको नेपालमा कि सबै किसानलाई खेतिले नै रोजगारी दिन सकोस् सबै समस्याको हल कृषि बाट नै दिन सकोस् ? जग्गाको सीमित दायराबाटै सबै समस्याको हल खोज्ने चिन्तन बेठिक छ। यो गतिशील चिन्तन भएन, स्थिर चिन्तन भयो। यस्तो चिन्तन लिएर भएन। खेतीयोग्य जग्गा नै कम छ। उत्पादनशीलता नै कम छ , त्यसैले हामीले कृषि बाहेकको बिकल्प सोच्नुपर्‍यो। विकल्पमा आद्योगिकीकरण सोच्नु पर्‍यो। किसानलाई सानो टुक्रा जमिन नै बाँधिराख्ने परिस्थिती अन्त्य गर्नु पर्‍यो। जो खेति किसान मै साह्रै धेरै मरि मेट्छन, उनलाई खेति किसानी गर्ने मौका दिनु पर्‍यो, बाधा बन्धन हटाइदिनुपर्‍यो। बाँकीलाई अन्य विकल्प तर्फ आकार्षित गर्नु पर्‍यो। जमिनमा पाईलै नटेक्ने, खेतिपातीको ज्ञान नभएका मानिसलाई जमिनको मालिक बनाएर के काम ? उन्नत खेतिका लागि पूँजी, श्रोत, साधन, प्रविधि नै प्रयोग गर्न नसक्ने हालतमा पारेर किसानलाई साना टुक्रो जमिनमा बाँधेर पनि के काम ?

### प्रकियागत सुधारको खाँचो

मेरो सुरुवात के छ भने -कार्यक्रमगत सुधारले भ्रष्ट कर्मचारी मात्र मोटाउँछ। जस्तो मुअब्जा दिएर द्वैध स्वामित्व खत्तम गर्ने कार्यक्रम ल्याउनुहोस्। यसमा कर्मचारीतन्त्रको ठूलो चाख हुन सक्छ किन कि मुअब्जा भन्ने बित्तिकै पैसा चलाउन पाइन्छ, टापटिप गर्न पाइन्छ। तर यसबाट देशलाई के फाईदा ?

२०२१ सालमा पञ्चायत सरकारले हदबन्दी तोकिदियो। यस्तो यस्तो वर्गको मानिसलाई हदबन्दी लागु गर्नु यस्तो यस्तो वर्गको मानिसलाई बाँड्नु है भनिदियो। यसबाट जग्गा प्राप्त गर्ने प्रक्रिया पुन वितरण प्रकिया, मोही दर्ता प्रकिया यति जटिल भयो कि हदबन्दी भन्दा बेसी जमिन त्यति हातै लागेन। लागेको पनि त्यति वितरण भएन। कार्यक्रम नै त्यति सफल भएन। त्यस्तो प्रक्रियागत जटिलता फेरि किन ल्याउने ?

मेरो सुझाव के छ भने एउटा विज्ञप्ति जारी गर्नुहोस -२०५२ चैत्र मसान्त सम्ममा मानिसले त्यति भन्दा बेसी जग्गा आफू सित राख्न पाउन पाउने छैन, राखिएको थाह पाइएमा जफत हुनेछ। बस सम्बन्धित मानिसको दौडादौड परिहाल्नेछ। पत्ता लगाउनुहोस् - बेसी जमिन, दर्ता गर्नुहोस - गा.वि.स.को नाम। मैले प्रक्रियागत सुधार भनेको यही हो। प्रक्रियालाई सरल, वैज्ञानिक र प्रभावकारी बनाउने काम गर्नु पर्‍यो।

मोहियानी हक बेच्न पाइने व्यवस्था गर्नु पनि प्रक्रियागत सुधार नै हो। यस्तै, खेतियोग्य जमिन बाँझो राख्न नपाईने व्यवस्था गर्नु पनि। यो प्रकिया एकचोटि सुरु गरिदिनुस। तपाईले मुअब्जा पनि दिनु पर्ने छैन। जमिन स्वतः त्यसैले किन्नेछ, जो त्यसमा खेति गर्ने, उत्पादन वृद्धि गरेर फाईदा उठाउन बेसी इच्छुक छ। यस्तो प्रक्रियागत सुधार गर्नुपर्‍यो साँधुरो चिन्तन लिएर भएन। मेरो भनाई यहि नै हो। सामाजिक न्याय यसबाट अलि ढिलो प्राप्त होला तर त्यो प्राप्त त हुने नै छ।

नेपालमा दर्तावाल मोहीको प्रतिशत असाध्यै थोरै छ। पाँच/सात प्रतिशत पनि छैनन् तिनीहरू। मोही भएको जमिनको प्रतिशत पनि साह्रै थोरै छ। छुट भएका मोही कति छन, केही थेगान छैन। अब ति मोहीले जग्गाको लाल पूर्जामा नाम दर्ता गर्नु साह्रै कठिन छ। तथ्याङ्क अनुसारका मोहीले नै जोतको पोत पाउने हुन्। अधिकांश किसान त सरकारी लगतमा आफै जमिनका मालिक छन्। त्यसैले नेपालको प्रमुख भूमि समस्या

कम उत्पादनशीलता र सानो आकारको खेति भएको भूमिसुधारले यही समस्यालाई समाधान गर्नुपर्छ।

सहकारी र सामुहिक खेतीमा मलाई विश्वास लाग्दैन। त्यो कतै सफल भएको देखिएको छैन। अहिले सम्म मानव जातीमा पारिवारिक खेती भन्दा प्रभावकारी खेती अरू देखिएको छैन त्यसैले उपाय के हो भने आर्थिक हिसाबले पर्ता नपर्ने जमिनको सानो टुक्रा समातेर बसेकालाई रोजगारीको विकल्प दिने अलिकता पनि बेस विकल्प भेट्ने बितिक्कै उसले त्यो छाड्छ। यही प्रक्रिया बाट अन्ततः आर्थिक हिसाबले पर्ता पर्ने जमिनको टुक्रा खडा हुनेछ। यो लामो प्रक्रिया हो, एकैचोटिमा यो हुनेवाला छैन। काठमाडौमा पहिले घरमा काम गर्ने नोकर धेरै पाइन्थे। अहिले पाइदैनन् किन ? किन कि अहिले त्यो भन्दा राम्रो रोजगारीको विकल्पमा कोही बस्दैनन् किन ? किनकि अहिले त्यो भन्दा राम्रो रोजगारीको विकल्प भेट्टाए पछि कष्टकर विकल्पमा कोही बस्दैनन्। यो कुरा खेतीमा पनि लागु हुन्छ।

त्यस बाहेक उत्पादनशीलता बढाउन सिचाई र उन्नत प्रविधि अपनाउनु पऱ्यो। यो प्राविधिक कुरा पऱ्यो। म यसको विज्ञ होइन। म यति मात्र भन्न सक्छु कि उन्नत प्रविधीको नाममा हामी साह्रै नै परावलम्बी भएका छौँ, विदेशको मुख ताक्ने भएका छौँ। त्यस्तो चाहि हुनु भएन। हामीले त्यस्तो सांस्कृतिक र सामाजिक स्थितीले नै पैदा गर्नु पऱ्यो, जसमा विश्वमा भएका प्राविधिक उन्नति पनि यहाँ भित्रिनु पऱ्यो र त्यो वास्तविक फाईदाका रूपमा किसानले ग्रहण गर्न सकुन्। द्वैध स्वामित्वको हकमा मेरो भनाई बेग्लै छ। यहाँ द्वैध स्वामित्व हुनुका निम्ति भोगेका हक (possession) हुनु पऱ्यो, पैतृक सम्पतिका रूपको हक (inheritance) हुनु पऱ्यो, पैतृक सम्पतिको रूपको हक (inheritance) हुनु पऱ्यो र स्थानान्तरण (transfer) गर्न सक्ने हुनु पऱ्यो। त्यो हक छ र मोहीलाई नेपालमा ? त्यसैले द्वैध स्वामित्व भन्ने कुरा फजुल कुरा हो। यो अवधारणा नै ठिक भएन।

म त त्यसलाई मोहीको व्यवस्था भन्छु। द्वैध स्वामित्वको अन्त्य भनेको मोहीयानी हकको अन्त्य हो, सारमा। मोहियानी हकको अन्त्य गर्ने स्थिति छैन नेपालमा। बेरोजगारी समस्या बढ्दै गएको देशमा मोहियानी हकले गर्दा केहीले रोजगारी त पाउँथ्यो। त्यो पनि अन्त्य गरिदिएपछि रोजगारी समस्या झन् चर्को हुनेछ। गरिबलाई धक्का पुग्नेछ यसबाट। जग्गा जसको छ। जसले किन्न सक्यो, उसले किन्यो, किन्न नसक्नेले त जग्गा पाउने नै भएन अब।

यो अलि कडिकडाई भयो, अलि लचिलो नीति चाहियो। अलि बजारमुखी अर्थनिती हुनुपऱ्यो। एक एक कदम गरेर जानुपऱ्यो। एउटा कदम चाल्दै, आएको नयाँ समस्या हेर्दै, फेरि कदम चाल्दै गर्नुपऱ्यो- मोटरको स्टेरिङ्ग चलाए जस्तो। एकचोटि स्टेरिङ्ग सोझ्याइदिएपछि सधैभरिलाई पुग्नेगरि स्टेरिङ्ग सोझ्याउने-यस्तो प्रवृति लिनु भएन।

जहाँ सम्म हदबन्दीको कुरा छ, त्यो अहिलेको चरणमा पुरानै व्यवस्थालाई प्रभावकारी तवरले कार्यन्वयन गर्ने समस्या मात्रै हो। नयाँ हदबन्दी लाएर त्यति जमिन निस्कने देखिदिन म। दुई पुस्ता बितिसक्यो जमिन धेरै टुक्रिसक्यो। तथापी अलिकति हदबन्दी घटाउन सकिन्छ -१० बिघामा ल्याउन सकिन्छ।

२००८ सालमा जागिर प्रथा खारेज भयो। त्यो सुधार थियो। 'जसको जोत उसको पोत' नै गरियो त्यतिखेर। जोत्नेले जमिन पाए। तर, त्यतिखेर जमिन पाएका कसैले जमिन बेचे, कसैले धितो राखे, कसैले के गरे। अहिले कति सित त्यो जमिन बाँकी छ ? जुन उद्देश्यले 'जोतको पोत' गरियो, त्यो उद्देश्य त हासिल भएन। त्यसै २००८ सालको त्यही प्रकिया अहिले जमिन बाँड्दा फेरि १०/१५ बर्ष पछि दोहिरिन सक्छ। उही स्थिति आउन सक्छ। त्यस सम्भावना अनुसार ध्यान पुगोस्।

यी सबै बिचार गर्दा मोहियानी हकमा प्रतिबन्ध लगाउनु ठीक छैन। मोहीको हक पनि त्यहाँ बेसी दिन सकेका छन् किसानको राजनितिक चेतना बेसी छ र आन्दोलन बलियो छ। लौ कसैले हटाओस त मोहीलाई काठमाडौ उपत्यकामा ? त्यसैले राजनितिक पार्टी बुद्धिजिवी, जनता मिलेर मोहीलाई अरू सचेत पार्नु पर्छ तर, मोहीको हक सुनिश्चित पार्नु पर्छ। तर मोहीयानी हककै अन्त्य गर्नु हुदैन। मोहीको हक चाँहि बरु बेच्न दिनु पर्छ। ✿

दिवंगत महेशचन्द्र रेग्मीको यो लेख "नेपालमा कृषि क्रान्तिः सम्भावनाका आयाम" पुस्तकबाट लिइएको हो



# पुनर्निर्माण प्रक्रियामा भूमिसुधारको सवाल

भूकम्पले श्रीमान्को मृत्यु भयो । सिलाई गर्ने मेसिन पनि पुरियो । कमाई खाने जग्गा छैन । सीप भएपनि मेसिन किन्न सक्दिन । सरकारले घर बनाउनका लागि ऋण दिने भनेको छ, तर घर कहाँ बनाउने ?
*जुनकिरी परियार, गोस्यांङ ४ नुवाकोट*

सरकारले घर बनाउनका लागि गा.वि.स., नगरपालिकाबाट अनिवार्य नक्सा पास गराउने नीति ल्याएको छ । आफ्नो नाममा जग्गा नै नभएकाले कसरी नक्सा पास गराउने ?
*झलक प्याकुरेल, नुवाकोट*

कर्मचारी भर्ना गर्दा सगरमाथाको उचाई सोध्ने हैन, खटाइएको ठाउँमा पाईने जडीबुटी, स्रोतसाधन र त्यसको व्यवस्थापन गर्ने तरिका सोधेर ल्याउनुपर्छ । त्यसले मात्र पुनर्निर्माणको काम गर्न सक्छ ।
*अर्जुन प्रसाद पोखरेल, दोलखा*

### पृष्ठभूमि

२०७२ बैशाख १२, १३ र २९ गतेको विनाशकारी भूकम्पले ८ हजार ७ सय ९० जनाको ज्यान लियो । २२ हजार ३ सय घाइते भए । ३०० बेपत्ता छन । ५ लाख ७ हजार १७ घर पूर्ण क्षति भए । २ लाख ६९ हजार १ सय ९० घरमा आंशिक क्षति पुग्यो । ८० लाख जनसंख्या यसबाट प्रभावित भए ।

भूकम्पले मानवीय र भौतिक क्षति मात्र पुऱ्याएन, प्राकृतिक स्रोतमा पनि ठूलो नोक्सानी भयो । तथापी यसले प्राकृतिक विपत्तिको सामाना गर्न र सकेसम्म त्यस्तो अवस्था आउनै नदिन प्रयास गर्नु पर्ने पाठ पनि सिकाएको छ । विपत्ति आईरहन्छन्, रोक्न सकिदैन तर यसबाट हुन सक्ने क्षति कम गर्ने उपाय अपनाउनै पर्छ ।

अहिलेको मुख्य चुनौती प्राकृतिक स्रोत (भूमि)को व्यवस्थापन गर्नु नै हो । भूमिको व्यवस्थापन नगरी बनाइएका संरचनाहरू जुनसुकै प्रविधिबाट बनाएपनि दीगो हुन सक्दैनन् । त्यसैले अबको सवाल भूमि व्यवस्थापन सहितको पुनर्निर्माण हो । यसलाई मध्यनजर गरि राष्ट्रिय भूमि अधिकार मञ्च, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र एक्शनएड नेपालको सहकार्यमा पुनर्निर्माणको प्रक्रियामा भूमि सुधारको सवाल सम्बन्धि प्रारम्भिक अध्ययन गरि बहसमा ल्याउन खोजिएको छ ।

**भूमिको व्यवस्थापन नगरी बनाइएका संरचनाहरू जुनसुकै प्रविधिबाट बनाएपनि दीगो हुन सक्दैनन् । त्यसैले अबको सवाल भूमि व्यवस्थापन सहितको पुनर्निर्माण हो ।**

### पुर्ननिर्माण र भूमिको सम्बन्ध

भूकम्पका कारण खेतीयोग्य जमीन मासिएको छ, किसानहरूले समयमै रोपाई गर्न पाएनन् । यी विविध कारणले उत्पादन पनि घट्ने भएकाले यसको असर समग्र जीविकामा परेको छ । त्यसैले अबको आवश्यकता विस्थापितको पुनस्थापना, क्षतिग्रस्त क्षेत्रको पुनर्निर्माण र उपलब्ध स्रोत साधनको व्यवस्थित उपयोग हो । यसका लागि भूमिसुधार नै प्रमुख माध्यम हो ।

प्रभावित परिवारलाई मात्र पुनःस्थापना गर्न सम्भव छैन । नुवाकोटमा ४८ हजार ४ सय १२ हेक्टर खेतीयोग्य जग्गा छ । जसमध्ये १८ हजार ६ सय २५ हेक्टर बाँझो छ । १ हजार २ सय ८३ रोपनी जग्गा गुठी छ । २ हजार ९ सय ६७ परिवार गुठी जग्गा कमाउँछन् । ३ सय ९२ परिवार सुकुम्बासी छन् । यो अवस्थामा सुधार नगरी कुनै पनि नयाँ व्यवस्था लागु गर्न सकिदैन ।

२०६८ को जनगणना अनुसार दोलखामा ४५ हजार ६ सय ८८ परिवार छन् । राहत वितरण गर्दा यो संख्या बढेर ५५ हजार पुगेको अनुमान छ । ३ सय ९८ परिवार भूमिहीन छन । ११ हजार ८ सय ४३ परिवारसित ३ रोपनी भन्दा कम जमिन छन । ६ हजार ५ सय ८३ हेक्टर जग्गा गुठी छ । भेड्पु गा.बि.स. पुरै नीजि गुठी हो । त्यहाँ ९ सय १८ परिवार बस्छन् । पुस्तौदेखि भोगचलनमा आएको जग्गा व्यवस्थापन नगरी अर्को विकल्प सम्भव छैन ।

सिन्धुपाल्चोकमा खेतीयोग्य जग्गा ७३ हजार ७ सय १० हेक्टर मध्ये ४७ हजार ३ सय ८२ हेक्टरमा मात्र खेती भएको छ । गुठी संस्थानमा रेकर्ड भएका र नभएका गरि १४८ ओटा गुठी छन् । जसमा ५ हजार ७ सय ९२ परिवार मोही छन् । उनीहरूलाई भोग गरेको ठाउँको हक नदिई पुनर्निर्माणको काम सहज हुन सक्दैन । त्यसकारण बढदो जनसंख्याको व्यवस्थापन, प्राकृतिक समस्याको समाधान र प्रशासनिक जटिलता हल गर्न पनि भूमि सुधार गर्नैपर्छ ।

### भूकम्पले भूमि स्रोतमा पारेको असर

दोलखाको उत्तरी भेगका गौरीशंकर, खारे, मार्बु, ओराङ, चंखु, सुरी, बिगु, आलम्पु, लामाबगर, चिलंखा, भीरकोट, झ्याँकु, खोपाचाँगु गाविसको जमिनमा धाँजो फाटेको छ । जमिन भाँसिएर ८ हजार



५ सय ९९ हेक्टर खेतीयोग्य जग्गा खेती र बसोबासका लागि अनुपयुक्त भएको छ। त्यसबाट ६ हजार ७ सय ११ परिवार प्रभावित भएका छन्। भूकम्पको केन्द्रबिन्दु भएको सुनखानी गाविसको धेरै जमिन पहिरो जोखिममा छ। यस्तै सिन्धुपाल्चोकको सल्लेफाँटमा रहेको फलाटेगैरा पानीको मुल सुक्यो। साउने मुलमा पानी घट्यो। सिम खेत भासियो। सल्ले ओडारे सामुदायिक बन क्षेत्रको जमिन ठाउँ ठाउँमा चर्किएको छ। किउल-५ को यार्सा पानी ट्यांकी भासिँदा २८ घरधुरीलाई खानेपानीको समस्या छ। अमिलिया पधेरोको मुल सुक्दा ३८ घरधुरी प्रभावित भएका छन्।

## आवासमा परेको असर

नुवाकोटमा १८ हजार १ सय १७ घर पूर्ण रूपमा क्षति भए। ४ हजार ५ सय ६२ घरमा आंशिक क्षति भयो। दोलखाको ग्रामीण क्षेत्रमा ९० प्रतिशत भन्दा बढी घर भत्किए। कृषि कार्यालयबाट प्राप्त जानकारी अनुसार उत्तरी भेगका १३ गा.वि.स. बस्ती पहिरोको जोखिममा छन्। त्यहाँ तरकारीका लागि बनाएका २५ ओटा टनेलमा मान्छे बसेका छन्। पहिरोले बाटो बन्द हुँदा उनीहरूलाई त्रिपाल समेत बितरण गर्न सकिएको छैन। नाम्दुमा बाटोको समस्या नभएपनि सबै परिवारलाई जस्तापाता उपलब्ध गराउन सकिएको छैन। करीब २०० दलित परिवार अहिलेपनि त्रिपालमै छन्। त्रिपाल चुहिन थालेकाले बस्न समस्या भएको छ। सुनखानीको एउटा गाउँ नै अर्को ठाउँमा सरेको छ। एउटै छाप्रोमा ठूलो परिवार बस्दा गाह्रो भएको छ। यस बेला सुत्केरी महिलाले बढी दुःख भोगीरहेका छन्।

## भूकम्पले खाद्य उत्पादनमा पारेका असर

दोलखाको उत्तरी भेगमा धाँजा फाट्दा धेरै जग्गा बाँझो छ। लगाएको खेती पनि सिचाई नभएर सुक्यो। भूकम्पपछि फौजिकिराले खेतीपातीमा नोक्सान पुऱ्यायो। पानीका मुहान कही सुके। कही सरे। कुलो धेरै ठाउँमा भत्किएकाले पानी खेतसम्म पुग्दैन। जिल्ला कृषि कार्यालयको लगानीमा बनेका एक हजार भन्दा बढी टनेल बिग्रिएका छन्। २५ ओटा टनेलमा मान्छे बसेका छन्। त्यस क्षेत्रमा मकै उत्पादन ८० प्रतिशतले घट्यो। भएको २० प्रतिशत उत्पादन पनि थन्काउने ठाउँ छैन। छाप्रो बनाएको जमिन ओसिलो छ। पानी पर्दा छाप्रोभित्र भल पस्छ। मुसा र किराफटेंग्रा धेरै छन्। अन्नपात जोगाउन कठिन छ।

सिन्धुपाल्चोकको किउल ५ आकासे साउ देखि सुपारीटार सम्म सिचाई हुने कुलो भत्किएर करिव ७ सय घरधुरी प्रभावित भएका छन्। लालिगुराँस सामुदायिक वनमा पहिरो गएकोले छिरिङ लामाको ४ सय वोट अलैची क्षति भयो। किउलमै कुलो भत्किएकोले १ हजार रोपनी खेत बाँझै छ। खेती हुने जग्गामा चिरा परेका छन्।

## भूकम्पपछि जग्गा कारोबारमा आएको फरक

भूकम्पपछि जग्गा रजिष्ट्रेशन पास गराउने भन्दा अंशबण्डा, नामसारी, बकसपत्र गराउने संख्या बढेको छ। यसले राजस्व असुली लक्ष्य हासिल गर्न सकिएको छैन। मालपोत कार्यालय दोलखाले २०७१ चैत्र महिनामा १६८ प्रतिशत राजस्व असुल गरेको थियो। बैशाखमा ५६ प्रतिशत मात्र संकलन भयो। जेठमा ३६ प्रतिशतमा झऱ्यो। राहत वितरण गर्दा लालपुर्जा चाहिने कुरा चलेपछि असारमा अंशबण्डा, नामसारी, बकसपत्र गर्नेको संख्या बढेर ७७ प्रतिशत राजस्व असुल भएको छ।

२०७२ असोज ५ गते ओराङ गाबिसका स्व. छोमाङ तामाङको जग्गा उनकी जेठी

श्रीमति आइती तामाङको नाउमा नामसारी भयो। आईती तामाङले छोमाङकी कान्छी श्रीमति सोममाया तामाङलाई अंश दिईन। सोममाया तामाङले दुई छोरा चित्र बहादुर तामाङ र लिला बहादुर तामाङलाई बकस पत्र दिनुभयो। एक परिवारले एकै दिन ४ जनाको नाममा लालपुर्जा निकाल्यो।

### भूकम्पपछि राहत तथा पुनस्थापनामा देखिएका समस्या

नुवाकोट रातामाटेका रत्न बहादुर राईको घर भत्कियो। उनीसँग जग्गा थिएन। जस्ता पाएपछि छिमेकीको जग्गामा अस्थायी टहरा बनाएका छन्। रातामाटे गा.वि.स. वार्ड नं. ३ का बलराम लामा मोही किसान हुन्। उनी बिर्ता जग्गा कमाउँदै आएका थिए। भूकम्पपछि उनको घर क्षति भयो। राहत पनि पाए। तर अब घर कहाँ बनाउने भन्ने समस्या छ। उनले भोग गर्दै आएको जग्गा साहु चित्र बहादुर क्षेत्रीले २०७२ साउन १९ गते गा.वि.स.बाट घरबाटो नभएको सिफारिस बनाए। २१ गते मालपोत कार्यालयबाट प्रकाश अधिकारीको नाममा रजिष्ट्रेशन पास गरि दिए। उनलाई अर्को चिन्ता थपिएको छ, साहु फेरिदै गएकाले मोही हक पनि गुम्ने हो कि भन्ने। रातामाटे ७ झापेका गोपाल सुनारलाई पनि छ। उनले ३ रोपनी बिर्ता जग्गा कमाउँदै आएका छन्।

**पुनस्थापना र पुर्ननिर्माणका लागि पहिलो काम विश्वासको वातावरण बनाउनु हो। कार्यान्वयन प्रक्रियामा ढिलाई हुँदा विश्वासमा कमि त आउँछ नै, नीतिको महत्व र आवश्यकता कम हुँदै जानेछ। जग्गाको वर्गीकरण गरि सुरक्षित ठाउँमा बस्ती सार्नुपर्छ। जोखिममा रहेको ठाउँमा वृक्षारोपण गरिनुपर्छ।**



सिन्धुपाल्चोक किउल ५ चित्रेमा बस्ने ५२ वार्षिय सुभद्रा बिकले बसाई सराई प्रमाण पत्र नहुँदा परिचय पत्र पाउन सकिनन्। उनको घर पाल्चोक ५ मा हो। श्रीमानूले अर्को बिहे गरेपछि ३२ वर्षदेखि माईतीले कमाउदै आएको बिर्ता जग्गामा बस्दै आएकी थिइन्। उनी भन्छिन्, श्रीमान्बाट पहिलै नै पिडित थिए, अहिले सरकारबाट पनि भए। ईचोक र किउलका गुठी कमाउने किसानलाई बाली बुझाउन समस्या छ। यस वर्ष उत्पादन भएन। कहाँबाट बुझाउने ? रैकर जग्गावालाई सरकारले मालपोत मिनाहा गऱ्यो। तर गुठी किसानलाई साहुले बाली मिनाहा गर्दैन। बरु मोहीलाई कमाउन दिएको जग्गा छुटाउने हल्लाले किसान थप चिन्तामा छन्।

दोलखा नाम्दुका सुकुम्बासीले स्थानिय सर्जमिनका आधारमा परिचय पत्र पाए। पहिलो चरण वितरण गरिएको राहत पनि लिए। अब घर बनाउनका लागि सरकारले दिने भने ऋण लिन न उनीहरूसित धितो राख्ने जग्गा छ। न घर बनाउने ठाउँ नै। यसले सुकुम्बासीलाई मात्र समस्या गरेन, सरकारले गर्न खोजेको काम पनि प्रभावित हुन्छ।

### पुननिर्माण सम्बन्धमा आएका सुझाव

सरकारले भू-उपयोग नीति ल्याएको छ तर कार्यान्वयन गर्नु अघि हाम्रो जनशक्ति, दक्षता, स्रोत साधन र सांस्कृतिक मान्यता अध्ययन हुनुपर्छ। पुनस्थापना र पुर्ननिर्माणका लागि पहिलो काम विश्वासको वातावरण बनाउनु हो। कार्यान्वयन प्रक्रियामा ढिलाई हुँदा विश्वासमा कमि त आउँछ नै, नीतिको महत्व र आवश्यकता कम हुँदै जानेछ। जग्गाको वर्गीकरण गरि सुरक्षित ठाउँमा बस्ती सार्नुपर्छ। जोखिममा रहेको ठाउँमा वृक्षारोपण गरिनुपर्छ। यसका लागि एकीकृत बस्ती उपयुक्त विकल्प हो। अहिलेको परिवेश अनुसार अर्को ठाउँमा बसाई सर्न मान्दैनन्। एकीकृत बस्ती बसाउँदा विकासको लागि सहज हुन्छ। मिश्रीत समुदायको बसोबास हुने भएकाले प्रतिस्पर्धाको भावना पनि बढ्छ। यसले मान्छेलाई बढी मेहनती बनाउँछ भन्ने



कुरा बुझाउन सक्नुपर्छ। साथै त्यस्तो बस्ती बसाउनु अघि नै बाटो, विद्यालय, स्वास्थ्य संस्था, रोजगारी लगायतका कुराको ग्यारेन्टी हुने योजना ल्याउनुपर्छ।

बाह्रे गा.वि.स. डम्फाका भूकम्प प्रभावितलाई शक्तिखोर सार्न खोज्दा मानेनन्। पीडितले नै भने, "हामी ठाउँ छोडेर जाउँला, तर हाम्रो गाईबस्तु कहाँ जान्छन्, सुन्तलाको बोट कहाँ जान्छ, हलो डोको सँगै लैजान मिल्छ कि, मिल्दैन ? धान रोप्ने ठाउँमा कोदो रोपौँ बरु तर बस्ती नसरौँ। हामी मात्र बाँचेर के हुन्छ ? हाम्रो सम्पत्ति र संस्कृति पनि बाँच्नुपर्छ।"

भूकम्पले बढी क्षति हुनुमा जमिन र कमजोर प्रविधि दुबै बराबर छन। सिमसार क्षेत्र र सुख्खा माटो भएको ठाउँमा राम्रै प्रविधिबाट बनेका घर पनि पनि भत्किएका छन। बढी भिरालो र हलुका माटो भएको ठाउँमा सडक भाँसिएको छ। कसिलो माटो र कम भिरालो ठाउँमा ढुंगा माटोबाट बनाईएका घर पनि कम भत्किएका छन। जमिनको व्यवस्थापन गर्दा यी।

जग्गाको व्यवस्थापन बिना बाह्य सहयोग जुटाउन पनि कठिन छ। घर निर्माण गर्न सहयोग दिनेहरू लालपुर्जा खोज्छन्। लालपुर्जा हुनेले धैरे सहयोग पाउने, नहुनेले केही नपाउने समस्या आउन सक्छ।

भू-उपयोग नीति कार्यान्वयन गर्दा सरकारी निकायबीचको समन्वयलाई ध्यान दिनु पर्छ। नागरिक परिचालनमा जोड दिनुपर्छ। अहिले सिचाई कार्यालयले कुलो कहाँ बनाउन आवश्यक छ भनी कृषि कार्यालयलाई सोध्दैन। कृषि सडक बनाउँदा कृषि उत्पादन क्षेत्रको कुरा ध्यान दिईदैन। यस्तो प्रवृतिले विकासमा समस्या भएको छ। एउटा निकायले अर्को निकायसितको समन्वयमा काम गरे मात्र एकीकृत बस्ती बिकास गर्न सफल हुन सक्छौँ।

भूकम्प प्रभावितहरूको पुनस्थापना गर्दा स्थायी खालको समाधान खोजिनु पर्छ। सरकारको काम सधै चामल, चिउरा बाँड्नु होइन बरु हरेक नागरिकलाई जीविकोपार्जनको अवस्था सिर्जना गर्नु हो। यसका लागि समग्र भूमिको व्यवस्थापन आवश्यक छ। भूमिसित सम्बन्धित अहिलेका समस्या (मोही, गुठी, सुकम्बासी, प्राकृतिक प्रकोप विस्थापित, बिर्ता) पनि हल गर्दै जानुपर्छ।

## पुर्ननिर्माणको बाटो

१. **भू-उपयोग नीतिको कार्यान्वयन :** सरकारले भूकम्पको त्रास सेलाउन नपाउँदै भू-उपयोग नीतिको कार्यान्वयन शुरु गर्नुपर्छ। जग्गाको वर्गीकरण गरि बस्ती सार्ने, जोखिमयुक्त क्षेत्रलाई संरक्षण गर्दै उत्पादन मूलक काममा उपयोग गर्नुपर्छ।

२. **स्थानिय निकायमा भूमि सुधारको योजना :** गाविस र नगरपालिकाले आ-आफ्नो क्षेत्रको भूमिको व्यवस्थापन आफै गर्ने योजना बनाउनु पर्छ।

३. **राम्रो काम गर्नेलाई प्रोत्साहन :** सरकारले प्राकृतिक स्रोत साधनको संरक्षण र उपयोग गर्ने स्थानिय निकायलाई थप अनुदान दिने नीति लिई जोखिमहरूको दीगो समाधान, उत्पादन वृद्धि, भूमि सम्बन्धि प्रशासनिक समस्या गर्न प्रेरित गर्नुपर्छ।

४. **पुननिर्माणमा सामाजिक सहभागिता :** भूकम्प लगायत सबै खालका सम्भावित जोखिम न्युनिकरण गर्न, विस्थापितहरूलाई पुनस्थापना गर्न, भौतिक संरचनाको पुननिर्माण गर्न साझा योजना बनाई समाजका सबै वर्ग समुदायलाई परिचालन गर्नुपर्छ र यस कार्यलाई अभियानको रूपमा लैजानुपर्छ।


रश्मि पण्डित

# विपद्मा काम गर्दाको अनुभव

**झस्काइरहने क्षण**

मेरा जागिरे जीवनका दशौं वसन्त अन्तरालका अनगिन्ती तितामिठा घटनाक्रम मध्येका सीमित स्मरणहरू भने बेलाबेलामा सम्झनामा आइरहन्छन्। यहि मध्ये, मजस्तै धेरै नेपालीको मनमा चाहेर पनि नमेटिने छाप बनेको बैशााख १२ को भूकम्पको समय दक्षिणी ललितपुरको बिकट भेगको बसाइको संस्मरण आइहाल्छ। विनासकारी भूकम्पले दिएको मानसिक पीडाको भोगाइको अनुभव शब्दमा चित्रण गर्न गाह्रो छ।

दिनभरको बसको यात्रा, त्यसमा आधि जसो कच्ची बाटोको यात्रा पछि मात्र पुगिने दक्षिण ललितपूरको शान्त पहाडको काखमा अवस्थित गिम्दी गाविसमा "कफि व्यवसायमा महिला किसानको सहभागिता र नेतृत्व विकास" को सवालमा तालिम दिँदै गर्दाको अन्तिम दिन, अर्थात् २०७२ साल बैशाख १२ गते। सहकारीको आगामी योजना निर्माण हुदै थियो। ठीक त्यहि वेला अकल्पनीय घटनाको कहाली लाग्दो अनुभव मेरो मनमा ताजै छ। धर्ती नै फाट्ला जस्तो गरि, गर्ल्याम्म पहाडै लड्ला जस्तो गरि गएको कम्पनले तालिमका सहभागी सबैलाई आतंकित पारेको थियो। क्षणभरमा तालिम स्थल र वरिपरिको परिवेश कोलाहलपूर्ण बनेको थियो। परपरसम्म पनि आँखाले हेर्न भ्याएजति अधिकांश घर, गोठ तथा बस्तीहरू हेर्दाहेर्दै क्षणभरमै भग्नावशेषमा परिणत भएको अकल्पनीय घटनाको प्रत्यक्षदर्शी बनिरहेँ। आकास भने धुलाम्मे देखिन थाल्यो। "सास छइन्जेल आश" भने झै सुरक्षित स्थानको खोजीमा सहभागीहरूको भागदौड मच्चियो।

तालिम अवधिभरको लागि हाम्रो लागि खाने बस्ने व्यवस्था गरिदिनुहुने कोषाध्यक्ष हिरा दाइको घर आँखै अगाडि भत्किएर ढल्यो–खाद्यान्न, अनाज, लत्ताकपडा लगायतका सामाग्री सँगै मेरो ल्याप्टप भग्नावशेषमै पुरियो। किसानहरूले संकलन गरेर विक्रीको लागि बुइगलमा सुकाएर ठिक्क पारेको "अर्गानिक कफी पार्चमेण्ट" भुइभरि छरपष्ट पोखियो। अध्यक्ष रमेश को घरको झन् बेहाल देखियो, छानाले भुई टेकेको थियो। सुन्दा अपत्यारिलो लाग्ने, ललितपुर जिल्लाको गाविस भएर पनि ती भेगका शत प्रतिशत घरहरू ढुंगामाटाबाट निर्मित थिए, त्यसैले यस्ता कमजोर संरचनाहरू भत्काउन भूकम्पले कुनै कसर बाँकी राखेन।

**धर्ती नै फाट्ला जस्तो गरि, गर्ल्याम्म पहाडै लड्ला जस्तो गरि गएको कम्पनले तालिमका सहभागी सबैलाई आतंकित पारेको थियो। क्षणभरमा तालिम स्थल र वरिपरिको परिवेश कोलाहलपूर्ण बनेको थियो।**

यस्तो बेलामा घरपरिवारबाट टाढिनु पर्दाको पीडा एकातर्फ थियो भने लम्जुङ्गस्थित घरलाई पनि उसैगरि क्षति पुगेको खबर सुनेपछि मन झन् अमिलो बन्यो। धन्न परिवार सदस्यबीच मानवीय क्षतिको भने कुनै खबर सुन्न नपरेकोमा आफुलाई भाग्यमानी सम्झिन थाले। भूकम्प पछिका निरन्तर पराकम्पनका त्रासदीहरूबिचमा गिम्दीमा त्रिपालमूनि बितेका ३ दिन ३ बर्ष जत्तिकै लामा बने। त्यसो त सहकारीका सदस्यको समुदायमा गरेको एकआपसमा सहयोग र हामीप्रतिको सद्भावको जति तारिफ गरे पनि कमै हुन्छ। अझ एकआपसमा सान्त्वना र सहानुभुती दिलाउने सरु बैनीको साथले केहि राहत भने अवश्य थपेको थियो।

कृषि तथा भूमि अधिकारका सवालमा दुई दशक लामो अनुभव बोकेको सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC) मा त्यतिबेला आंशिक करारमा "नेस संयोजक" पदमा म कार्यरत थिए। भूकम्पबाट प्रभावित जिल्लाहरूमा राहत तथा पूर्नस्थापना सम्बन्धी मानविय सहायताका लागि केहि अन्तराष्ट्रिय संस्थाले ऋक्च्ऋ सँग सहकार्य गर्न इच्छुक देखिए। यस्तैमा World Jewish Relief (WJR) का विदेशी प्रतिनिधिलाई लिएर महाभूकम्प पछिको झण्डै हप्ता दिन पछि भूकम्पको क्षतिले पारेको प्रभावसँगै वस्तुस्थिती आँकलन गर्न र जिल्ला भुमि अधिकार मन्च मार्फत कार्यक्रम शुरुवातीको लागि सहयोग गर्ने म हेतुले रसुवा पुगे। हाम्रो कार्यालयले तत्कालिन समयमा राष्ट्रिय भूमिअधिकार मन्चको संयन्त्र मार्फत मानविय सहायताका लागि गरेका विविध पहलकदमी निकै नै प्रशंसनीय थिए।

प्राकृतिक विपतले निम्त्याएको क्षतिलाई न्युनिकरण गर्न राहत तथा मानविय सहायताका कार्यक्रम कार्यान्वयनका निमित्त आधार तय गर्न आवश्यक तथ्यांक संकलन गर्नमा प्राविधिक सहयोग पुर्‍याउने योजना सहित झण्डै हप्ता दिनको कार्यक्रम तय



गरि परियोजना संयोजक विश्वास नेपाली भाइ र स्वयंसेवी ताकेशीसँगै पूनः रसुवा जिल्ला लागे । रसुवा सदरमुकामको नाका कालिकास्थान बजारलाई भूकम्पले केहि भत्किएका, केहि भने भत्किन ठिक्क परेका भवनहरू देख्दा नराम्रो क्षतिको सहज अनुमान गर्न सकिन्थ्यो तर, त्यसमा भूमिघरलाइ खासै क्षति पुऱ्याउन नसकेकोमा गर्व महशूस गर्दै सुरक्षित बासस्थानको रूपमा जिल्ला मञ्चका सदस्यसँगै झण्डै हप्ता दिन बिताउने अवसर पाएँ । धैबुङ, कालिकास्थान र लहरेपौवा गाविसलाइ केन्द्रित गरि कार्यक्रम संचालन गर्ने तय भयो । पछि, उक्त संस्था ध्च्च ले सोही योजना अनुरूप कार्यक्रम कार्यान्वयन भएको खबरले सानै भएपनि योगदान पुऱ्याउन सकेकोमा केहि आत्मसन्तुष्टी मिल्यो ।

गाउँ भूमि अधिकार मन्चका सदस्यहरूसँग छलफल गरि आगामी योजना, तर्जुमाका बारेमा महत्वपूर्ण निर्णय गरिएको थियो । यसै क्रममा "मूठी दान मागेर आन्दोलन कोष जुटाउने भूमी अधिकार मन्चका सदस्यहरूको सक्रियतामा कठिन परिस्थितीका बावजुद पनि राहत तथा खाद्य सामाग्री वितरण हुदै थियो, भने घरधुरी स्तरमा अस्थाइ आवासको योजना बन्दै थियो ।" जिल्ला मन्चकी अध्यक्ष चित्र दिदिले पीडा बिर्सदै भनेका भनाइले मन सारै छोयो ।

**भूकम्पपछिका निरन्तर पराकम्पनका त्रासदीहरूबिचमा गिम्दीमा त्रिपालमूनि बितेका ३ दिन ३ बर्ष जत्तिकै लामा बने । त्यसो त सहकारीका सदस्यको समुदायमा गरेको एकआपसमा सहयोग र हामीप्रतिको सद्भावको जति तारिफ गरे पनि कमै हुन्छ । अझ एकआपसमा सान्त्वना र सहानुभुती दिलाउने सरू बैनीको साथले केहि राहत भने अवश्य थपेको थियो ।**

त्यसै क्रममा, बैशाख २९ गते, म रसुवा जिल्लाको लहरेपौवा गाविसमा भूकम्प प्रभावित गाउँ मन्चका सदस्यसँग भलाकुसारीकै क्रममा पुनः भूकम्पको पराकम्पनको दोस्रो ठूलो धक्काले मनमा फेरि बैशाख १२ को मेटिन नसकेको त्रास जगाइदियो । घरपरिवारको चिन्ताले फेरि मनभित्र कतै डेरा जमाउन थाल्यो । संस्थाका कार्यकारी निर्देशकले सुरक्षाको प्रत्याभुत हुने गरि बेलाबेलामा लिनुहुने सूचना अपडेट र सावधानी रहन गरेको आग्रहले पनि केहि सहज महसुस हुन्थ्यो ।

### नयाँ जिम्मेवारी साथ सिन्धुपाल्चोक यात्रा

बैशाख १२ गतेको भूकम्पबाट धनजनको एक तिहाइभन्दा बढी क्षति एक्लै भोगेको सिन्धुपाल्चोक जिल्ला, त्यसमा पनि CSRC को स्थापना भएका ठाउँ, र व्यक्तिगत हिसाबले मेरा लागि यो सब भन्दा बढी, यहि विनासकारी भूकम्पमा भूमि

अधिकार मञ्चका सोम भण्डारी दाइले परिवार सदस्य गुमाउनुभएको खबरले नमिठो अनुभव थपिएको थियो। त्यसैले पनि रसुवाबाट फर्के लगत्तै कार्यकारी निर्देशकलाई एउटा अनुरोध गरेको थिएँ, – "सर, केहि दिनको लागि भएपनि सिन्धुपाल्चोकमा मानविय सहायताको केहि जिम्मेवारी पाए भने म मानसिक हिसाबले तयार छु..."। कार्यालयले मेरो आशय बुझेरै होला सोचेभन्दा ठूलो जिम्मेवारीको प्रस्ताव गऱ्यो।

**जेठको दोस्रो हप्ता**, मनमा केहि उत्साह र उत्सुकता बोकेर म कार्यकारी निर्देशकको साथमा मेलम्ची पुगेको थिए। मेलम्ची स्थित केयरनेपालको कार्यालय पुगियो। प्राकृतिक विपतको क्षेत्रमा अन्तराष्ट्रिय प्रशस्त अनुभव बोकेको केयरनेपाल र विपन्न, गरिव, भूमीहिन, सुकुम्बासीको भूमी अधिकारका सवालमा लामो अनुभव र कार्यदक्षता बोकेको CSRC को साझेदारीमा कार्यक्रम संचालन हुने पक्का भैसकेको थियो। यसकै सिलसिलामा तयारी बैठक, केयरका विदेशी टोलीनेतासमक्ष औपचारिक अन्तरबार्ता लगायत समन्वयात्मक, परिचयात्मक कार्यक्रममा सहभागी भएँ। सोही दिनमा खाद्य सूरक्षा तथा जिविकोपार्जनका योजना निर्माण गर्नुपर्ने भयो। तुरुन्त ब्याड राखिहाल्नुपर्ने धानको र १ महिना पछि वितरण गर्ने तरकारी बाली, पोलीहाउस गोलभैंडाका योजना निर्माणको समय तालिका तयार पारि पेश गरें। यसमा, केशव सर र जगत सरले मलाई भरपूर सहयोग गर्नुभयो। एग्रोभेटहरूमा धानको बीउको अत्यन्त ठूलो मागको तुलनामा आपूर्ती अत्यन्त न्यून रहेकोले चरम अभावको अवस्था, त्यसमा पनि हामी समक्ष अत्यन्त छोटो मा करिव ५ टन उपयुक्त जातको छनौट गरि खरिद गर्नुपर्ने कठीन चुनौती मेरा सामु थियो। CSRC / CARE बाट प्राप्त साथ र सहयोगले आवश्यक परिमाण र गुणस्तरको बीउ व्यवस्थापन गर्न सकियो।

### मेरो नव नियुक्ति र चुनौती

जुन, १, २०१५, अर्थात्, मेलम्ची कार्यक्षेत्र रहने गरि मेरो नयाँ नियुक्ति लिएको दिन थियो। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको काठमाडौँ स्थित कार्यालयमा नेस कोर्डिनेटरको नियुक्तिको समयावधि समाप्ती सँगै ममा नयाँ जिम्मेवारी थपियो– मेलम्ची मा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको युनिट कार्यालयको स्थापना गर्ने र कार्यक्रम संयोजकको हैसियतमा केयर नेपालसँगको साझेदारीमा राहत तथा पूर्नस्थापनाका कार्यक्रमहरू क्षेत्र नं ३ का ४ गाविसमा संचालन गर्नुपर्ने भयो।

केयर नेपालसँगको सम्झौता र साझेदारीता संचालन हुन लागेका कार्यक्रमको प्रकृति र तौरतरिका हेर्दा व्यवस्थापन जिम्मेबारी मेरो विगतका केहि अनुभवजस्तै धेरै मिल्दाजुल्दा भएता पनि राहत कार्यक्रमहरूमध्ये बीउ विजन छनौट र वितरण गर्ने बाहेक अन्य राहत सामाग्री, जस्तैः अस्थाइ आवास, टेन्ट/पाल बाट निर्मित अस्थाइ चर्पी जडान सामाग्री र उमेर समूह अनुसारको सामाग्री वितरण र वितरण प्रक्रिया र अभिलेखिकरण आदिको अनुभव केहि हदसम्म रसुवा बसाइमा संगालेको बाहेक खासै हुने कुरै भएन। स्थानिय साझेदार गैरसरकारी संस्थाको तर्फको टोली प्रमुखको हैसियतमा संस्थागत जिम्मेवारी त्यत्तिकै थियो। त्यसमा पनि, म सिन्धुपाल्चोक भन्दा बाहिर जिल्लाको व्यक्तिले निभाउनुपर्ने "समन्वयात्मक भूमिका" केहि चुनौतीपूर्ण नै थियो। तैपनि, म सफल कार्यान्वयनमा निश्चिन्त भने थिएँ, यसो हुनुका पछि मेरो टिममा एक त स्थानिय र परिपक्व व्यक्ति रामजी ढकाल दाइ हुनुहुन्थ्यो भने त्यो भन्दा अर्को कारण मेरो कार्यालय र सुपरिवेक्षक दुइटै स्थानिय माटोमा जन्मेहुर्केको कारणले यहाँको परिवेशबारे जानकार हुने हुँदा यत्तिकै पनि साहस र उर्जा मिलेको हो भन्दा पनि अत्युक्ति भएन।

> **एग्रोभेटहरूमा धानको बीउको अत्यन्त ठूलो मागको तुलनामा आपूर्ती अत्यन्त न्यून रहेकोले चरम अभावको अवस्था, त्यसमा पनि हामी समक्ष अत्यन्त छोटो मा करिव ५ टन उपयुक्त जातको छनौट गरि खरिद गर्नुपर्ने कठीन चुनौती मेरा सामु थियो।**

### भूकम्प प्रभावित समुदायमा "महाभूकम्प प्रतिकार्यः राहत तथा पूर्नस्थापना" कार्यान्वयनमा मेलम्ची टिम

कार्यालयको कर्मचारी संरचनाको खाका अनुसार नियुक्ति प्रक्रिया चल्दै थियो। कर्मचारी छनौट प्रक्रिया शुरु भैसकेको थियो। अन्तरवार्ताको क्रममा २ जना कर्मचारीले अभिभावक गुमाएको घटना सुनाउँदा नराम्ररी मन पोलेको थियो। हाम्रो २१ जनाको कर्मचारीको संरचनाभित्र पर्ने गरि क्रमशः कर्मचारी नियुक्ति प्रकृया सँगसँगै अगाडि बढ्दै थियो। हाम्रो बसाइ, खुवाइ र कार्यालय पनि एउटै स्थानमा भएकोले पनि काम संचालन गर्न सहजता थपिएको थियो। हाम्रो निश्चित अफिस समय भन्ने थिएन। यस्तो लाग्थ्यो CSRC मेलम्ची टिम सामाजिक सेवाको भावनाले अभिप्रेतित थियो। भौगोलिक र सामाजिक हिसाबले विविधता थियो जो अझ सुन्दर पक्ष थियो।

शुरुवातका दिनहरूमा दैनिक जस्तो गइरहने पराकम्पनले मेलम्ची बजार क्षेत्रमा भय र त्रासको स्थिति यथावत नै थियो। त्यसमा हामी अछुतो रहन सकेनौं। तैपनि, CSRC मेलम्ची टिम भने भय त्रासलाई एकापट्टि पन्छाउँदै रातदिन साझा मिसनमा जुटिरह्यो –राहत तथा पूर्नस्थापना सामाग्री प्रत्यक्ष रूपमा प्रभावित घरधूरीका लाभान्वित व्यक्तिसमक्ष वितरण गर्ने। कहिले केयरसँगै र कहिले हाम्रा आन्तरिक दैनिक र साप्ताहिक कार्ययोजना बन्थे। हामी हाम्रा सिकाइ, चुनौतीहरूलाई छलफलमा ल्याउँथ्यौं। टिम मिटिङ्गमा कार्यकारी निर्देशकको उपस्थिती हाम्रा लागि विशेष रहन्थ्यो। इमेलबाट प्राप्त सल्लाह सुझाब हाम्रा लागि मार्गदर्शन हुन्थे।

जब कार्यक्षेत्र गाविसहरू दुबाचौर, बाँसखर्क, बरुवा र भोताङ पुग्यौ, आफन्त, नातागोता समेत गुमाएका विचलित घायल

**"केहि दिनको लागि भएपनि सिन्धुपाल्चोकमा मानविय सहायताको केहि जिम्मेवारी पाए भने म मानसिक हिसाबले तयार छु..." ।**

मनको कथा व्यथा सुनेपछि यहि समुदायमा क्षमताले भ्याएसम्म जागिर भन्दा माथि रहेर सेवा गनुपर्छ भन्ने भावना झनै जागृत भयो । विपतमा अन्तराष्ट्रिय मापदण्ड अनुसार सामान खरिद लगायतको व्यवस्थापनको काम केयर नेपालको थियो भने सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले स्थानिय स्तरमा फिल्ड कर्मचारीहरू मार्फत् समन्वय तथा कार्यक्रम कार्यान्वयनमा भूमिका निर्वाह थियो ।

अन्त्यमा,

प्राकृतिक विपतमा मा काम गर्न चानचुने मनोबलले सकिन्न । जागिरे मनोवृत्तीले मात्र पनि हुदैन । तर, कर्मचारीको मनोबल उच्च राख्न धेरै कारक तत्वहरू हुन्छन् जसको कदर हुँदा जस्तोसुकै जटील परिस्थितीलाइ पनि सामना गर्न सकिने रहेछ । यो कुरा मलाई सामुदायिक आत्म निर्भर सेवा केन्द्रले सिकायो । अर्को, छुटाउनै नमिल्ने कारण हो, सम्पूर्ण कर्मचारीको कार्यक्रम प्रतिको लगाव, सदाशयता, र जिम्मेवारी बोध जसले "टिम स्पीरिट" लाई टिकाइरहन मदत पुगिरह्यो । ✿



ई. सुरज परियार
आत्मनिर्भर केन्द्र, मेलम्ची

# "पुननिर्माणमा सघाउन पाउँदा गर्व लाग्यो"

२०७२ सालको बैशाख महिनाको परिवेश शान्त थियो । नयाँ सालको आगमनसँगै राष्ट्र अब प्रगति र विकासको बाटोमा लम्किनेछ भन्ने लागेको थियो । म सामान्य थिएँ, वातावरण सामान्य थियो । अचानक समय शून्य भैदियो । काठमाण्डौंको परिवेशमा अचानक कोलाहल र धुलाम्य वातावरणले आकाश मडारियो । कोलाहलमा एक पछि अर्को शब्द थपिँदै गरेको एउटै आवज कानमा गुन्जिएको याद छ, "भाग ! भाग ! भुइचालो आयो... ... " कानले थेग्नै नसक्नेगरि आवाज गुन्जिन थाले । आँखा अगाडि सग्ला देखिएका घर भग्नावशेष हुन थाले । कमिजमा रगत टाँसिएका कोहि टाउकोमा हात समाउँदै बगिरहेको रगत थाम्ने प्रयासमा कुद्दै थिए । एम्बुलेन्सका कहालिलाग्दो साइरन अनि कोलाहल, अशान्त वतावरण, धुलाम्य परीवेश । मनमनै सोचे सपना भएपनि हुन्थ्यो मेरो आँखा अगाडिका दृश्य तर यो वास्तविकता थियो । आफु सकुसल थिएँ । घरको याद आयो । आठ महिनाकी छोरी आँखामा घुम्न थाली । लमजुङमा रहेको मेरो परिवारमा फोन सम्पर्क गर्न चाहेँ । धैरै समयपश्चात थाहा पाए घरगाउँ अनि परिवार सकुशल थिए । मनमा खुशि अनि दुः ख आधि-आधि भरियो ।

**मान्छेको घरसँगै मन पनि भत्किएको थियो । नेपालीहरूलाई "बहादुर गोर्खाली" त्यसै भनेका होइन रहेछ । भग्नावशेष बनेको मन बोकेर पनि ओठमा मन्द मुस्कान कायम गरिरहेका कैयौ अनुहार देख्न थालैँ ।**

क्षतिका विवरण विभिन्न सञ्चार माध्यममा तरङ्गित हुन थाले । गोरखा, काठमाण्डौ उपत्यका, धादिङ, नुवाकोट, रसुवा, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक लगायतका १४ जिल्ला बढि क्षतिपूर्ण जिल्ला भएका विभिन्न संचार माध्यमहरूले बारम्बार अवगत गराइरहे । भूकम्प प्रविधि समाज नेपाल (ल्क्भ्त) को आह्वानमा बढि प्रभावित जिल्लाहरूमा घरको क्षति विवरण अनुगमनमा एउटा प्राविधिकको हैसियतले अनुबन्धित भएँ । काठमाण्डौंको बुढानिलकण्ठ हुँदै धादिङ जिल्लाको विभिन्न स्थानमा घरको अनुगमन गरैँ । मान्छेको घरसँगै मन पनि भत्किएको थियो । नेपालीहरूलाई "बहादुर गोर्खाली" त्यसै भनेका होइन रहेछ । भग्नावशेष बनेको मन बोकेर पनि ओठमा मन्द मुस्कान कायम गरिरहेका कैयौ अनुहार देख्न थालैँ । दिनभरि घरहरू अनुगमन, रातभर सोच्थे, देश पुरानै अवस्थामा कहिले फर्केला ? उस्तै गरि दिनचर्या कसरी चल्ने होला मानिसहरूका ? प्राविधिक शिक्षा हासिल गरेको खासै चित्त नबुझाएको मैले आफैलाई सिमानामा राइफल भिरेर पहरा दिँदै देश सेवा गर्ने सेनासँग तुलना गर्न थाले । प्राविधिक भएर देशको सेवा गर्न पाउँदा मन-मनै गर्व लाग्न थाल्यो । देशको दुःखमा मैले जानेको प्राविधीक ज्ञान सुम्पन थालैँ । ✿



जगत देउजा

# ब्ल्याक सी को किनारामा

असोज २३ गते सामुदायिक भूमि संरक्षण विषयको कार्यशालामा टर्की जानु थियो। अघिल्लो दिन टर्कीको राजधानी अंकारामा आयोजित शान्ती र्‍यालीमा बम हमला भएको र सयौं मानिसको मृत्यु भएको खबरले कार्यक्रम हुनेमा शंका उब्जेको थियो। कार्यक्रमस्थल भने इस्तानवुल र अंकाराको विच आग्भामा भएकाले रोकिएन। आग्भा ब्ल्याक सीको किनारामा रहेको टर्कीको सुन्दर सानो वस्ती रहेछ। ईस्तानबुलबाट गाडीमा ३ घण्टाको यात्रा। सिंगो आग्भाको जनसंख्या २ हजार। मुलत सप्तान्हमा इस्तानवुल निवासीको गन्तव्य। एकातिर समुन्द्र र तिनतिर वनले घेरिएको छोड्नै मन नलाग्ने शान्त र सभ्य बस्ती। ट्रान्जिट बिनै सिधै यूरोपको यात्रा हुने भएकाले टर्की जान अलि लोभ जागेको थियो। तर इन्धनको अभावले टर्की एअरवेजले दिल्लीको बाटो समायो। २५ मिनेटका लागि भनिएको जहाज झण्डै डेढ घण्टा रोकियो। टर्की त्यस्तो देश हो जसको आधा भाग युरोप र आधा एसिया दुवै महादेशमा पर्दछ। इस्तानबुलको सडक सजावट विश्वभर चर्चामा छ। हेरिरहौं लाग्ने सडकहरूको बयान गरी साध्य छैन।

## मसरूम वाक

आग्भा वरपरको वन धेरै प्रकारका च्याउ पाईनेमा पर्दोरहेछ। हरेक वर्ष आग्भाका सबै घरका सबै सदस्य मिलेर च्याउ जम्मा गर्न जंगल जाँदा रहेछन्। वर्षको एक दिन गरिने यो यात्रामा उनीहरू घरको सबै दुख भुलेर जुनले वनै उज्यालो हुने समयसम्म च्याउ जम्मा गर्नमा बिताउने रहेछन्। संयोगले यो वर्षको त्यो दिन हाम्रो आग्भा बसाइको बीचमा परेको थियो। यसलाई आग्भाका इको टुरिजमको अनेकन प्याकेज भित्र समावेश गरिएको पाईयो। कोर्स छोड्न नमिल्ने भएकाले हामी सहभागी हुन सकेनौं। संकलीत च्याउ हेर्ने र चाख्ने मौका भने जुरेको थियो। आग्भाको धेरै परिकारमा च्याउ समावेश गरिँदो रहेछ।

## कार्यशालाको कुरो

कार्यशालाको आयोजक थियो नामती। अमेरीकामा स्थापीत वकिलहरूको संस्था जसले कानुनी सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्छ। सामुदायिक भूमि संरक्षण सम्बन्धी कार्यक्रम यिनिहरूको धेरै मध्येको एक हो। सहजकर्ता थिए रेचेल, मरिना र जरोन। कहिल्यै नथाक्ने। रेचेल साना कुरालाई पनि बढाएर कुरा गर्ने, मरिना बढि भावुक र जरोन कामको परिणाममा असाध्यै गम्भिर। यि तिनले गरेको सहजीकरणले दिन गएको पत्तै भएन। समयको विभाजन पनि राम्रो। सात दिनको कार्यक्रममा सहजकर्ताले २० प्रतिशत र सहभागीले ८० प्रतिशत बोल्नुपर्ने। १९ जना सहभागी भएको ठाउँमा प्रत्येकलाई बोल्न समय काफी थियो। विषयवस्तु कम। गहिरा छलफल। सिकाईमा जोड। यसप्रकारको छलफल हामी कहाँ पनि महत्वपूर्ण हुनसक्छन्। जो मैले आगामी दिनमा अभ्यासमा ल्याउनु छ।

## जिउँदो ईन्साईक्लोपेडीया

नामतीका टिम मिलर म्यानमारमा देशिय कार्यक्रम व्यवस्थापकको रूपमा काम गर्दा रहेछन्। पहिले एमनेष्टी ईन्टरनेसनलमा कार्यरत उनी जे सोधे पनि बताउने सामर्थ्य राख्दथे। मुलत विश्वभरको भुगोल, सिमा, त्यहाँको ईतिहाँसमा धुरन्धुर। नेपालको राणा शासन, पञ्चायत शासन, राजपरिवारको हत्या। माओवादी आन्दोलन सबै बारे जानकार। नेपालको मात्र हैन। सहभागी भएका ८ वटै राष्टका बारेमा बुझेका टर्की बसुन्जेल उनिसँगको दोस्ती राम्रै जम्यो। अलि बढि नै बोल्ने यिनलाई सेशनमा भने आयोजकले लगाम लाएका थिए। हामीले यिनलाई जिउँदो ईसाईक्लोपेडीया नाम दिएका थियौँ।

## रविन नेस्टको बास

बास थियो रविन्स नेस्टमा। रुखै रुखको विचमा बनाईएका काठका सुन्दर घरहरू। होटलकी मालिक थिइन बहारा। जो २२ वर्ष अघि व्वाई फ्रेण्ड सहित विकेन्डमा यहाँ आएकी थिईन्। आग्भा उनलाई यति मन पर्‍योकी उनिहरूले ईस्तानवुल छोड्ने निधो गरे र आग्भामा नै घरजम बसाए। र अहिले रविन्स नेस्ट लगायत २ वटा स्तरीय रिसोर्टको व्यवस्थापन गरिरहेका छन्। उनि राजनीतिक विषयमा पनि चाख राख्दिरहिछन्। यो चुनावमा सत्ताधारी पार्टीले हार्ने आँकलन गरेकी थिईन्। तर नोभेम्बरको पहिलो साता भएको चुनावमा उही सत्ताधारी एकेपीले नै जित्यो। अंकाराको घटनालाई पनि धेरैले चुनावको हत्कण्ठाको रूपमा विश्लेषण गरेका थिए।

## ओभरबुकको फाईदा

फुलपातीको अघिल्लो दिन टर्कीबाट फर्कन ईस्तानबुल एअरपोर्टको चेकईन कक्षमा पुग्दा ओभरबुक देखियो। एअरलाईनको कर्मचारीले कार्यालय कक्षतर्फ लग्दा घर जान ढिला हुने भो भन्ने लागेको थियो। कार्यालयको अफिसरले ओभर बुक भएकाले रिरुट गरि कतार हुदैं पठाउने व्यवस्था मिलाएको बतायो। मैले कुनै नाईनास्ती गरिन। सिधै जाँदा भन्दा ६ घण्टा ढिला हुने भएर्पनि ६ सय यूरो क्षतीपुर्ती र विजनेस क्लासको सुविधा मिलेको थियो। मनमा अझै ढिलो भएको भए हुन्थ्यो भन्ने नलागेको हैन।

## सिकेको केही

समुदायमा कुनै पनि आवधिक कार्यक्रम सुरु गर्नु पुर्व समुदाय, संस्था र स्थानीय सरकार बसेर कार्यक्रमको बारेमा

छलफल गर्नुपर्छ । हामीले भन्दै आएको र केही हदसम्म गर्दै आएको पनि हो । तर सामुदायिक भूमिसुरक्षा कार्यक्रम सञ्चालन भएका केही ठाउँमा यि बीचमा लिखित रूपमा नै टिओआर बनाएर समुदाय, स्थानीय निकाय र संस्थाको भूमिका स्पष्ट गरिएको रहेछ । र सो बारे समय समयमा समीक्षा पनि हुँदो रहेछ । यो विषय हाम्रा लागी पनि उपयोगी हुन सक्छ । समुदाय र संस्थाबीचको सम्बन्ध धेरै महत्वपुर्ण हुन्छ । यस प्रकारमा हामीले भने राष्ट्रिय भूमि अधिकार मञ्चलाई पनि समेटेर लैजानुपर्छ ।


कार्यक्रम सञ्चालन गरिसकेपछि महिला र पछाडि पारिएका समुदायको सहभागीता कस्तो रह्यो ? उनिहरूले कसरी आफ्ना विषय राखे । सुनुवाई कस्तो थियो ? आदि विषयमा पनि गुणात्मक सूचक बनाएर समीक्षा गर्ने विषयमा भएको छलफल पनि उपयोगी लाग्यो । कति सहभागी भए भनेर मात्र हेर्ने हैन।

सहभागीमुलक विधी तथा औजार प्रयोग गरी बनाईएका नक्शा, डायग्राम वा म्याट्रिक्सलाई हामीले अहिले उपलब्ध प्रविधिसँग पनि जोडेर जान सक्छौं । क्यामेरा, मोबाईल आदिको प्रयोगबाट त्यसलाई रेकर्डमा राख्न सक्छौं । अनि डिजीटल म्यापसँग तुलना गरेर हेर्नसक्छौं । सहभागीमुलक र प्राविधीक पक्षलाई मिलाएर जाँदा अझ नक्साकंनको कामलाई बलियो बनाउन सकिन्छ ।

सामुदायिक नीति तर्जुमाको प्रक्रिया, जहाँ भईरहेका अभ्यासमा आएका सामाजिक, सांस्कृतिक नीति र प्रचलनको समीक्षा गरिन्छ । सरकारी नीति नियमको अध्ययन गरिन्छ । नयाँ सबैलाई स्विकार्य नीतिहरू बनाईन्छ । यो प्रक्रिया निती तर्जुमाको अहिलेको केन्द्रिकृत प्रणालीको साटोमा बढि उपयुक्त हुन्छ । यो प्रक्रिया समुदायमा प्रचलनमा आएका राम्रा नीति नियमहरूको अभिलेखन गर्न पनि उपयोगी हुन्छ । कानुनलाई बुझाउन गीतिनाटकहरू बनाउन सकिन्छ ।

सामुदायिक भूमि संरक्षणको प्रक्रियालाई कसरी समुदायको आर्थिक सुधारसँग जोड्ने भन्ने विषयमा पनि सिकाई भएको थियो । यसका लागि हामीले गरेको भन्दा बढि चाँही पर्यटनसम्मलाई जोडेर लगेका छन्।

सामुदायिक भूमिसुधारको अभ्यासमा हामीले जड भएर गएर हुदैंन । समुदायको



परिवेश, अनुभव, सिकाई र चाहनालाई ध्यानमा राख्नुपर्छ । यो भन्दै आएको भएपनि यसमा हामीले आगामी दिनमा अलि बढि ध्यान दिन आवश्यक छ । मोटामोटी आउटलाईन तयार गरेर समुदाय बस्नुपर्छ । तर

**हरेक वर्ष आग्भाका सबै घरका सबै सदस्य मिलेर च्याउ जम्मा गर्न जंगल जाँदा रहेछन् । वर्षको एक दिन गरिने यो यात्रामा उनीहरू घरको सबै दुख भुलेर जुनले वनै उज्यालो हुने समयसम्म च्याउ जम्मा गर्नमा बिताउने रहेछन् ।**

मुल नेतृत्व समुदायको हुनुपर्छ ।

हामीले कुनै पनि काममा चाँडो सफलता पाउन रणनीतिक क्षेत्रमा रणनीतिक तवरले काम गर्न पाउनु पर्छ । जस्तो यो कार्यक्रममा पाकाहरूलाई समेट्नुपर्छ तर युवाहरूलाई पनि छोड्नु हुदैंन । भूमि संरक्षणको काम गर्दा पानी र वनको विषय पनि जोडिएर आउँछ ।

म्यानमारमा ७२ जना प्यारालिगल राखेर भूमिसम्बन्धी कानुनी सहजीकरण गरिएको रहेछ । हाम्रा सहजकर्तालाई न्यूनतम रूपमा कानुनी विषयमा पोख्त बनाउनैपर्छ । जो सानातिना द्वन्द्व रूपान्तरणको प्रक्रियामा सहभागी हुनसकुन् र भूमिहिन तथा सुकुम्वासीले लिखित रूपमा अधिकार दावी गर्ने प्रक्रियामा सघाउन सकुन् ।

हामीले प्रत्येक गाउँ मञ्च र जिल्ला मञ्चलाई बलियो बनाउन सक्नुपर्छ । उनीहरूलाई कति बलियो बनाउन सक्छौं, कति जिम्मेवार बनाउन सक्छौं र उनिहरुलाई कती अधिकार सम्पन्न बनाउन सक्छौं, त्यो मनन गर्न जरुरी छ । धेरै विषयमा उनीहरू आफैले स्वतन्त्र र सिर्जनात्मक भएर अघि बढ्न सक्ने बनाउनु पर्छ ।

हामीले गरेको कामबारे सम्बन्धीत सरोकारवाला सरकारी निकायसँग आवधिक रूपमा सेयरिङ कार्यक्रम राख्नुपर्छ । यसलाई जिल्ला र राष्ट्रिय दुवै तहमा अनिवार्य तुल्याउनुपर्छ । समुदायमा संस्थाको छवि कस्तो छ ? हामीले वास्तवमै समुदायलाई सुनेका छौं वा छैनौ, समुदाय भित्रको शक्ति संरचना ठम्याएका छौ? के हामी समुदायलाई आदर गर्छौं ? यि विषयमा हरेक कार्यकर्ता र अगुवा घोत्लिनै पर्छ । *(यी सिकाईहरू कार्यशालाको नोटबाट लिईएको हो)*

# अस्थाइ आवासले ल्यायो खुसी

हजारौको प्राण जाने गरी आएको महाभूकम्पमा अझै धेरैले घरबार गुमाए। घरबार गुमाएका भूकम्पपीडित परिवारलाई पुनर्स्थापित गर्न हेल्पएज र एक्शनएडसँगको सहकार्यमा आत्मनिर्भर केन्द्रले नुवाकोट तथा सिन्धुपाल्चोकमा अस्थाइ आवास योजना कार्यान्वयन गर्दै आएको छ। यसै अन्तर्गत, सिन्धुपाल्चोकको तीन गाविस तालामराङ, महांकाल र किउलमा भूकम्प पीडितको लागि ५७४५ अस्थाइ आवासको निर्माण सम्पन्न भइसकेको छ। लगभग सात महिना ज्यादै कष्टकर रूपमा बिताएपछि भूकम्प पीडितहरूले सुरक्षित बसोबासको सुविधा पाएका छन् र तिहार नयाँ घरमा मनाउन पाएका छन्। पाल र टहराको बास बाट त्राण पाएका परिवारलाई जाडो आउन अगावै अस्थाइ आवासमा सार्न सकिएकोले भूकम्पपीडीतले ठुलो राहत महसुस गरेका छन्। भूकम्पमा सर्वस्व गुमाएका परिवारलाई नयाँ सुरुवात गर्न र समुदायको पुनर्निर्माणमा लाग्न अस्थाइ आवासले आँट र बल दिएको छ।

पीडित परिवारका लागि आवास मात्र नभइ आत्मनिर्भर केन्द्रले भूकम्पको दौरान क्षतिग्रस्त भएका विद्यालयहरूलाई समेत सहयोग पुऱ्याइ पुनर्सञ्चालनमा ल्याउन मदत गरेको छ। यसै अन्तर्गत तालामराङस्थित जागेश्वरी विद्यालय र महांकाल स्थित पद्मेश्वरी र श्री भञ्ज्याङ विद्यालयमा दुईकोठे अस्थाई शिक्षण केन्द्र निर्माण गरिएको छ। कमजोर आर्थिक स्थितिका १५९ छात्रछात्रा यी शिक्षण केन्द्रबाट लाभान्वित हुनेछन्। शिक्षण केन्द्र, महिला सुरक्षित आवास र सामुदायिक सेल्टरको निर्माण कार्य संस्थाले आफ्ना सबै भूकम्प प्रभावित कार्यक्षेत्रमा अगाडि बढाएको छ।



भत्केका संरचना बनाएर मात्र पुनर्निर्माण हुँदैन, पीडितलाई अस्थायी आवास बनाइदिएर मात्रै पनि पुनर्स्थापनाको जिम्मेवारी पुरा हुँदैन। तर पीडितहरूलाई तत्काल राहत दिइ परिवार र समुदायकै दिगो भविष्यका लागि योजना बनाउन, विनाशको बावजुद पनि आशाको संचार गर्न र पुनर्निर्माणको लागि हौसला दिन अस्थायी आवासको महत्वपूर्ण भूमिका हुँदो रहेछ।

### नयाँ घरले जगाएको आशा

तालामराङ, सिन्धुपाल्चोककी पवित्रा तामाङ (४७) आफ्नै सानो पसल बाहिर बस्नुभएको थियो जब वहाँले भूकम्पको धक्का महसुस गर्नुभयो। जमिनभित्रबाट भयानक आवाज आयो र केही बेरमै

**पीडित परिवारका लागि आवास मात्र नभइ आत्मनिर्भर केन्द्रले भूकम्पको दौरान क्षतिग्रस्त भएका विद्यालयहरूलाई समेत सहयोग पुऱ्याइ पुनर्सञ्चालनमा ल्याउन मदत गरेको छ।**

माटो र ढुङ्गाले बनेका गाउँका सारा घर गर्ल्यामगुर्लुम्म ढले। आकाश धुलो र धुवाले ढाकियो। "सबै सकिए जस्तो लाग्यो," वहाँ भन्नुहुन्छ। गाउँका अधिकांश घर जस्तै उनको घरपनि माटो र ढुंगाको रास भइसकेको थियो। तामाङको सारा सम्पति र अन्नसमेत भत्केको घरमुनि पुरियो। गाउँका केहि परिवारले भत्केका घरबाट टिन, छाना




निकालेर ल्याए र त्यसैको टहरा बनाई धेरै दिनसम्म चिसो, पानी सहेर अनिँदै रात बिताए। राहत सामाग्री बोकेका हेलिकप्टर गाउँमाथिबाट उडेर जान्थे तर तालामराङमा ती कहिले ओर्लेननन्। खानेकुरा पनि सकिन लाग्दा गाउँले निराश थिए। आत्मनिर्भर केन्द्र र एक्सनएड गाउँ आएपछि बल्ल गाउँलेले केहि राहत पाए।

हरेक परिवारले एक बोरा चामल र एक-एक पोका नुन, तेल तुरुन्तै पाए। यसै दौरानमा अरू संस्थाबाट सहयोग पाई पवित्रा अन्य पीडित परिवारसँगै टेन्टमा बस्न थालिन्। "हामीलाई धेरै गार्हो थियो, परिवार सँग छुट्टिएर अलग्गै टेन्टमा बस्नुपर्यो। बर्खा आएपछि प्लास्टिकका टेन्टपनि पानी र हुरीले उडाएर लग्यो। हाम्रो ओत लाग्ने कुनै ठाउँ भएन," तामाङले ती दिनका सम्झना गर्दै भन्नुभयो। साउनमा आत्मनिर्भर केन्द्र र एक्सनएडले हरेक परिवारलाई १२ थान सिजिआइ जस्तापाता वितरण गर्यो। साथै सहयोग गरिएका सामाग्रीबाट कसरी अस्थाइ आवास बनाउने भनि प्राविधिक तालिम र सूझाव पनि दिए। आवास निर्माणको लागि प्रत्येक परिवारले ज्याला खर्च रु १५००० सहयोग स्वरूप पाए। "ज्याला तिरेर बचेको पैसाले छोराछोरीको विद्यालय शुल्क तिरे। अब हाम्रो आफ्नै घर छ जहाँ ढुक्कसँग केहि वर्ष बिताउन सक्छौ। यो घरले मलाई विगत बिर्सेर अगाडि बढ्न र सुन्दर भविष्यको लागि मेहनत गर्न बल दिएको छ," तामाङ भन्नुहुन्छ।

आत्मनिर्भर केन्द्रको राहत तथा पूनस्थापना कार्यले पवित्रा जस्तै सयौं भूकम्प पीडित परिवारको जीवनमा नयाँ आशा ल्याएको छ। पीडित परिवारहरूले निर्माण सामाग्री, आर्थिक सहयोग साथै अस्थाई आवास निर्माण र मर्मत सम्बन्धी प्राविधिक सुझाव तथा सहयोग पाएका छन्। भूकम्प प्रभावित परिवारहरूको लागि आत्मनिर्भर केन्द्रले कार्यक्रम क्षेत्रमा जीविकोपार्जन सम्बन्धी विविध गतिविधिहरूपनि सञ्चालनमा ल्याएको छ।

**– कुमार थापा**

## सहयोगले जुटाएको आँट

भूकम्पमा घर ढल्दा मेलम्चीकी सिरमाया तामाङको ढाड, टाउको र हातमा ठुलो चोट लाग्यो। पानी समेत निल्न नसक्ने अवस्थामा पुगेकी सिरमाईलाई ४ दिन पछि अस्पताल पुर्‍याईयो। घर त ढल्यो नै, अन्न समेत पुरिएको अवस्था थियो। भन्छिन्- 'बाँचिन्छ जस्तो लागेन। श्रीमानले मकै खोतलेर पीठो ल्याई खोले खाएर बसौला भनी सहानुभुती दिन्थे।'

कुचिएका जस्तापाता र त्रिपालले २ हप्ता पछि छाप्रो हाले पनि हावाहुरी र पानीले निकै दुःख दियो। तत्काल घर बनाउन सक्ने उनको अवस्था थिएन। घर बनाउन भन्दा पनि अब कसरी बाच्ने भन्ने पिरलो थियो उनका परिवारलाई। त्यतिनै बेला एक्सनएड नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले अस्थाई आवास निर्माणको लागि गाउँमै जस्तापाता र निर्माण सामाग्री सहयोग गर्दा सिरमाईको परिवारलाई ठुलो भर भयो। तामाङ भन्छिन- 'हामीले सामान मात्र हैन घर पनि पायौं। अहिले उनको दुईपाखे अग्लो घर छ।

तालामाराङको चाँपाबोटमा सञ्चालन हुने मखमली छलफल चौतारीमा सिरमाई दैनिक सहभागी हुन्छिन्। छलफलमा महिला अधिकारका कुरा, हरेक दिदी बहिनीहरूसँगको छलफलले पीडा भुल्नुको साथै नयाँ कुरा सिकेको बताउँछिन्। हातका औला नचल्ने भएकी सिरमाई खेतीको काम गर्न नसक्ने भएकी छन् तर सामुदायिक आत्मनिर्भर केन्द्रको सहयोगमा बाखा पालेर जीविका चलाउने आँट गरेकी छन्।

**– दीपिका अर्याल,**
**सामुदायिक सहजकर्ता, सहकार्य**

# "सहयोग र उत्प्रेरणाले सफल भइदोरहेछ"

कृषि नै कर्म भनेर लागेका एकजना माटो प्रेमी सिन्धुपाल्चोक जिल्ला बाँसखर्क गाविस वडा नं २ निवासी रेक्पा तामाङ को जीवन विल्कुल त्यस्तै छ। २०३२ सालमा ८ कक्षा पास गरेर प्रोजेक्टको ९ वर्ष जागिर खाएका उहाँले ८ वर्ष गलैंचामा जीवन बिताउनुभयो। २०४९ सालबाट राजनितीमा लागेर गाविस उपाध्यक्ष हुनुभयो र पाँच वर्ष कार्यकारी अध्यक्ष पनि बन्नुभएको उहाँले गाविसमा धेरै काम गरी गाउँको सेवा गर्नुभयो। त्यसबाट पनि सन्तुष्ट नभए पछि आखिरमा कृषिमा नै आउने विचार लिनुभयो। कृषि मा केहि गर्ने रहर थियो तर साधन र स्रोत को अभावमा तामाङ अल्मलिनुभएको थियो। त्यसैबेला महाभूकम्प आयो। हेर्दा हेर्दै तामाङको घर ढल्यो, परिवार सकुशल रहे तर उहाँको सारा सम्पत्ति नष्ट भयो। सारा गाउँबस्ती भूकम्पले ध्वस्त बनाएको थियो, धेरै मानिस र असंख्य पशु मरे। कहाँ बस्ने, के खाने, कसरी घाम पानी बाट बच्ने ठुलो अन्योलको अवस्थामा केयर नेपाल र आत्मनिर्भर केन्द्रले त्रिपाल दिदाँ तामाङ लगायत गाउँलेलाई धेरै ठुलो राहत भयो। फेरि यिनै संस्थाहरूबाट बीउ विजन, जस्तापाता र खाद्य सहयोग हुँदा बिस्तारै समुदायको पीडा कम हुदै गयो।

आत्मनिर्भर केन्द्रबाट प्लास्टिक घरमा गोलभेडा खेती गर्न १२ जना कृषक छनोटमा तामाङको पनि नाम परेछ। नयाँ तरिका बाट खेती गर्ने तालिम र सामाग्री वीउ पाउदा ज्यादै खुसि भएको कुरा उहाँले बताउनुभयो।



"भूकम्पका सारा पीडा यस कार्यक्रमको सहयोगले कम गरायो," उहाँले भन्नुभयो। "आफैले प्लाष्टिक घर निमार्ण गरे, टमाटर सारे संस्थाहरूबाट पटक पटक अनुगमन मा धेरै जना आउनुभयो, संस्थाहरू बाट धेरै कुरा सिक्न मौका पाए त्यसले खेतीमा मेरो असाध्य प्रेरणा जाग्यो, गोलभेडा पनि राम्रो भयो," तामाङले भन्नुभयो। प्रतिकेजि रु ५०। का दरले टमाटर बिक्री गर्दा रु ५०००। र मिनीकिट काउलीको वीउबाट रु २००० लिई अब यस प्लाष्टिक घर बाट १० देखि १२ हजार रुपियाँ र बन्दा बिक्री बाट राम्रो पैसा लिन सक्ने उहाँको विश्वास छ।। ८

**"स्वाभिमानी पेशा, आफ्नै योजना, स्वतन्त्रता र खाद्य सुरक्षा सबै कृषिमा पाइनेरहेछ।"**

रोपनी जमिन १० बर्षका लागी भाडामा लिएका तामाङले कृषि लाई व्यवसायिक रूपले अगाडी बढाउने निर्णय गर्नुभएको छ। पहिला धेरै काम कृषिमा गरे पनि उत्पादन राम्रो थिएन तर यसपाली पाएको सल्लाह तथा तालिमले बेमौसमि खेती गर्ने असाध्यै प्रेरणा जागेको र अरू कृषक लाई पनि उत्प्रेरित गर्ने गरि काम गर्ने विचार गरेको उहाँले बताउनु भयो। "सहयोग र उत्प्रेरणाले नै सफल भइदोरहेछ," तामाङले भन्नुभयो। जीवनमा जागिर, राजनीती, समाजसेवा, व्यवसाय सबै कामको अनुभव लिनुभएको उहाँले भन्नुभयो सबै काम गर्नुपरे गर्नुपर्छ तर हामी किसानको छोरा भएकाले अरू जे काम गरेपनि अन्तिममा बाँच्ने आधार हाम्रो कृषि नै रहेछ। "स्वाभिमानी पेशा, आफ्नै योजना, स्वतन्त्रता र खाद्य सुरक्षा सबै कृषिमा पाइनेरहेछ।" वहाँले आफ्नो बारेमा भनिरहँदा कृषिबाटै सफलता पाउनुभएकोमा बधाई दिदै, मनमनै आफु र आफ्नो संस्था प्रति गर्वानुभुति महशुस गरे। धन्यवाद रेक्पा तामाङ। जय किसान! जय भुमी!!

**– रामजी ढकाल**



## गुठी सम्मेलन सम्पन्न

“गुठी किसान संगठित हौं, जोतिरहेको जग्गा रैकर गरौं” भन्ने सन्देशका साथ गुठी जग्गाका किसानहरूको राष्ट्रिय सम्मेलन दाङको घोराहीमा भव्यतापूर्वक सम्पन्न भएको छ। पूर्व महोत्तरी देखि पश्चिम बैतडी सम्म १३ जिल्लाका ८२ जना प्रतिनीधिले सम्मेलनमा भाग लिएका थिए। मंसिर २७–२९ सम्म सञ्चालन गरिएको सम्मेलनमा गुठी समस्या समाधानको लागि ८ बुदे घोषणापत्र पनि जारी गरिएको थियो।

सोहि कार्यक्रम अन्तर्गत गुठी तथा मोहि किसानको हकअधिकार पैरवी गर्न निकालिएको बृहत ऱ्यालीमा १२ सय बढी किसान कृषि औजार, हलो, जुवा र कोदालो बोकि सहभागी भएका थिए। अब देखि प्रभुमहाराज जोगीहरूलाई पाल्न नसकिने उदघोष गर्दै गुठी किसानले जोतिरहेको जमीनमाथि स्वामित्व स्थापना गर्न सरकारसँग माग गरेका छन। राष्ट्रिय भूमिअधिकार मञ्च नेपालका अध्यक्ष ल्याम बहादुर दर्जिको अध्यक्षयता तथा स्वर्गद्धारी गुठी जग्गा कमाउने किसान प्रभु चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सरकारी निकायका प्रभूख तथा जिल्ला स्तरका प्रमुख पार्टिहरूको प्रतिनीधीहरूको सहभागीता थियो।

गुठीपीडित किसानहरूको तर्फ बाट स्वर्गद्धारी गुठी संर्घष समितिका सहदेव थारु, जिल्ला भूमिअधिकार मञ्च पाल्पा अध्यक्ष रोम बहादुर राना, रत्ननाथ गुठी जग्गा कमाउने किसान बुद्धिराम थारु र गुठी किसान रसुवा बाट निमा तमाङले गुठि जग्गा रैकर गर्नको लागी कानून बनाउन राजनीतिक पार्टिहरू र सरकारी निकायसंग माग गर्नु भएको थियो।

कार्यक्रममा गुठी संस्थानका लक्ष्मण ज्ञवालीले प्रशिक्षण दिनु भएको थियो। उहाँले गुठीको संरक्षण गर्दै किसानले जोतिरहेको जग्गा किसानको स्वामित्वमा दिन आफुहरू लागि पर्ने बताउनुभयो।

## कृषि विकास रणनीति माथि नीतिगत बहस

सामुदायिक आत्मनिर्भर केन्द्रले हालै पारित कृषि विकास रणनीति मा केन्द्रित भई नीतिगत बहसको आयोजना गऱ्यो। थुप्रै बलिया पक्षका बावजुद कृषि विकास रणनीतिले साना, भूमिहीन तथा सीमान्तकृत किसानका हित संबोधन गर्न नसकेको र बजारीकरण तथा ठुला किसानलाई बढी प्रश्रय दिएको भनेर सरोकारवालाले चासो व्यक्त गरेका छन्। यसै सन्दर्भमा कार्यान्वयनमा जान लागेको कृषि विकास रणनीतिलाई कसरी किसान-मैत्री बनाउने भनेर विचार विमर्श गर्न यही मंसिर ४ मा बहसको आयोजना गरिएको थियो।

अक्सफाम नेपालको सहयोगमा आयोजन गरिएको बहसमा कृषि मन्त्री हरिबोल गजुरेल, सरकारी पदाधिकारी, नीतिनिर्माणकर्ता, किसान संघका प्रतिनीधि, प्राज्ञिक व्यक्तित्व तथा सञ्चारकर्मीको उपस्थिति थियो। कार्यक्रममा विश्लेषक हरि रोकाले कृषि विकास रणनीतिका विविध पक्षमाथि चर्चा गर्दै कार्यपत्र पेश गर्नुभएको थियो भने सो कार्यपत्रमाथि राष्ट्रिय किसान सञ्जालका डा. प्रेम दंगालले समिक्षात्मक टिप्पणी गर्नुभएको थियो।

जमीनको वितरण तथा व्यवस्थापन र समग्र संरचनागत परिवर्तनमा जोड गर्नुपर्ने र संघीय स्वरूपमा मुलुक जान लागेको अवस्थामा प्रादेशिक र केन्द्रिय तहमा कुन निकायको के भूमिका हुनेमा नीतिले स्पष्ट व्यवस्था गर्नुपर्ने विचार हरि रोकाले राख्नुभयो। भूमिहीन किसानहरूको भूमिमाथिको अधिकार सुनिश्चित नगराई नीतिले पूर्णता नपाउने विचार राष्ट्रिय भूमिअधिकार मञ्चका अध्यक्ष ल्याम बहादुर दर्जीले व्यक्त गर्नुभयो। अक्सफाम नेपालकी रक्षा नेपालले रणनीतिले २० रोपनी भन्दा धेरै जमीन भएका किसानलाई लगानीको लागि प्राथमिकतामा राख्दा साना तथा महिला किसान ओझेलमा परेको साथै खाद्य सम्प्रभुताको सवाललाई नीतिले उचित सम्बोधन गर्न नसकेको कुरा उठाउनु भएको थियो।

संघियताको आधारमा रणनीति ल्याउदा कृषि प्रसार योजनामा ढिलाई हुने भएकोले सो गर्न नसकिएको, भूकम्प पछिको परिस्थितिलाई समेट्न नसक्नु नीतिको कमजोरी भएको र बहसमा प्रस्तुत सल्लाह-सुझावलाई समावेश गर्दै रणनीतिलाई बलियो बनाउदै लैजाने प्रतिबद्दता कृषिमन्त्री हरिबोल गजुरेलले व्यक्त गर्नुभयो। उहाँले किसानलाई वर्गीकरण गरी परिचयपत्र दिने र सोही अनुरूप कार्यक्रम बनाउने बताउनुभयो।




## कृषि विकास रणनीति माथि नीतिगत बहस

सामुदायिक आत्मनिर्भर केन्द्रले हालै पारित कृषि विकास रणनीति मा केन्द्रित भई यही मंसीर ४ मा नीतिगत बहसको आयोजना गऱ्यो । थुप्रै बलिया पक्षका बावजुद कृषि विकास रणनीतिले साना, भूमिहीन तथा सीमान्तकृत किसानका हित संबोधन गर्न नसकेको र बजारीकरण तथा ठुला किसानलाई बढी प्रश्रय दिएको भनेर सरोकारवालाले चासो व्यक्त गरेका छन् । यसै सन्दर्भमा कार्यान्वयनमा जान लागेको कृषि विकास रणनीतिलाई कसरी किसान-मैत्री बनाउने भनेर विचार विमर्श गर्न बहसको आयोजना गरिएको थियो ।

अक्सफाम नेपालको सहयोगमा आयोजन गरिएको बहसमा कृषि मन्त्री हरिबोल गजुरेल, सरकारी पदाधिकारी, नीतिनिर्माणकर्ता, किसान संघका प्रतिनीधि,प्राज्ञिक व्यक्तित्व तथा सञ्चारकर्मीको उपस्थिति थियो। कार्यक्रममा विश्लेषक हरि रोकाले कृषि विकास रणनीतिका विविध पक्षमाथि चर्चा गर्दै कार्यपत्र पेश गर्नुभएको थियो भने सो कार्यपत्रमाथि राष्ट्रिय किसान सञ्जालका डा. प्रेम दंगालले समिक्षात्मक टिप्पणी गर्नुभएको थियो ।

जमीनको वितरण तथा व्यवस्थापन र समग्र संरचनागत परिवर्तनमा जोड गर्नुपर्ने र संघीय स्वरूपमा मुलुक जान लागेको अवस्थामा प्रादेशिक र केन्द्रिय तहमा कुन निकायको के भूमिका हुनेमा नीतिले स्पष्ट व्यवस्था गर्नुपर्ने विचार हरि रोकाले राख्नुभयो । भूमिहीन किसानहरूको भूमिमाथिको अधिकार सुनिश्चित नगराई नीतिले पूर्णता नपाउने विचार राष्ट्रिय भूमिअधिकार मञ्चका अध्यक्ष ल्याम बहादुर दर्जीले व्यक्त गर्नुभयो । अक्सफाम नेपालकी रक्षा नेपालले रणनीतिले २० रोपनी भन्दा धेरै जमीन भएका किसानलाई लगानीको लागि प्राथमिकतामा राख्दा साना तथा महिला किसान ओझेलमा परेको साथै खाद्य सम्प्रभुताको सवाललाई नीतिले उचित सम्बोधन गर्न नसकेको कुरा उठाउनु भएको थियो ।

संघियताको आधारमा रणनीति ल्याउदा कृषि प्रसार योजनामा ढिलाई हुने भएकोले सो गर्न नसकिएको, भूकम्प पछिको परिस्थितिलाई समेट्न नसक्नु नीतिको कमजोरी भएको र बहसमा प्रस्तुत सल्लाह-सुझावलाई समावेश गर्दै रणनीतिलाई बलियो बनाउदै लैजाने प्रतिबद्दता कृषिमन्त्री हरिबोल गजुरेलले व्यक्त गर्नुभयो । उहाँले किसानलाई वर्गीकरण गरी परिचयपत्र दिने र सोही अनुरूप कार्यक्रम बनाउने बताउनुभयो ।

## सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन तालिम



जिल्ला मञ्चका सदस्य तथा पदाधिकारीहरूलाई नतिजा नक्साङ्कन सम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान दिने उदेश्यले चितवन, ठिमुरामा दुई दिने सहभागितामूलक अनुगमन तथा मूल्याय्न तालिम सञ्चालन भएको छ। तालिममा अनुगमन तथा मूल्याय्नको अवधारणा, महत्व, विधि र विभिन्न औजारहरूबारे सहभागीलाई जानकारी दिइएको थियो। विशेषतः प्रगती मापक के हो र गुणात्मक अनुगमन तथा मूल्याय्नका लागि यसको प्रयोग कसरी गर्ने भनेर तालिमको क्रममा अभ्यास गराइएको थियो। तालिमको अन्त्यमा सहभागीले प्रगती मापकको प्रयोग गर्दै आआफ्ना जिल्ला तथा परियोजनामा लागू हुने गरी अनुगमन तथा मूल्याय्न सम्बन्धी कार्ययोजना तयार पारेका थिए। तालिममा ३४ जनाको सहभागिता थियो जसमध्ये १६ महिला, १८ पुरुष, ६ दलित र १३ जनजाती थिए।

## राष्ट्रिय किसान सम्मेलन सम्पन्न

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, राष्ट्रिय कृषक समुह महासंघ, राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल र राष्ट्रिय महिला किसान मञ्चको संयुक्त आयोजनामा राष्ट्रिय किसान सम्मेलन सम्पन्न गरिएको छ। चितवनको रामपुर क्यामपसमा सञ्चालन गरिएको सम्मेलनमा किसान र नीतिनिर्माणकर्ताबीच कृषि तथा किसान नीति माथि विचार विर्मश र अन्तर्क्रिया भएको थियो। जीविकोपार्जनको एक प्रमुख आधारको रूपमा कृषिको आधुनिकिकरण र भूमिहीन, साना र महिला किसानका सवालहरूको केन्द्रित रही कृषि नीतिमा बहस गरिएको थियो। कृषि विकास मन्त्रालयका सहसचिव डा. सुरोज पोखरेल, कृषि विकास बैङ्क चितवन शाखाका प्रबन्धक हिमप्रसाद भट्टराई लगायत अन्य विज्ञ तथा किसान प्रतिनिधीले कार्यक्क्रममा आफ्नो धारणा राखेका थिए। सम्मेलनको अन्त्यमा किसानहरूले सामूहिक छलफलबाट साझा माग पनि तयार गरेका थिए। केही मुख्य मागहरू यसप्रकार छन्

किसान आयोग बनाउँदा भूमिहीन, महिला, साना किसानको प्रतिनिधिलाई अनिवार्य गरिनुपर्छ र सरकारले सीमान्तकृत किसानहरूको प्रतिनिधिमूलक सङ्गठनको संस्थागत क्षमता अभिबृद्धिको लागि लगानी गर्नुपर्दछ। साथै सामुदायिक कृषि सेवा केन्द्रको समितिमा भूमि अधिकार मञ्च, कृषक समूह महासङ्घ आदिबाट प्रतिनिधित्व अनिवार्य गराइनुपर्दछ।

किसानलाई दिइने अनुदान जग्गाको क्षेत्रफलको आधारमा नभई व्यवसायका आधारमा हुनुपर्छ। महिला किसानका लागि विशेष अनुदान कार्यक्रम ल्याइनुपर्छ र भूमिहीन, सिमान्तकृत किसानलाई समूह एवम् उत्पादन धितोको आधारमा सहुलियत ऋण दिनुपर्छ।

भूमिहीन, साना किसान र कृषि मजदूरलाई सकेसम्म उनीहरू बसेकै स्थानमा खेतीको लागि जमिन उपलब्ध गराइनुपर्दछ। भूमि र वन स्रोतमाथिको पहुँच अभिबृद्धि गराइनुपर्छ र बाँझो जग्गा राख्ने प्रवृत्तिलाई रोकिनुपर्दछ।

माध्यमिक तहको पाठ्यक्रममा कृषि शिक्षालाई अनिवार्य समावेश गर्नुपर्छ। कृषि प्राविधिक शिक्षालयको सङ्ख्या बढाइनुपर्छ।

स्थानीय निकायले कुल बजेटको कम्तिमा १५ प्रतिशत रकम कृषि तथा भूमिको व्यवस्थापन लगाउनुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनुपर्छ।

भूमि र कृषि सम्बन्धित समस्या समाधान गर्न कृषि विकास रणनीतिमा व्यवस्था भए अनुरूपको ल्याण्ड ट्रिबुअनल तत्काल गठन गरिनुपर्दछ।

भूकम्प पीडित तथा बाढी पीडित जिल्लाका किसानहरूलाई दिइने सेवा, सुविधामा किसानको पुनर्स्थापना हुने गरी कार्यक्रम ल्याइनुपर्दछ।

उद्घाटन कार्यक्रमपछि किसानहरूले मकैबाली अनुसन्धान कार्यक्रम र गाई अनुसन्धान कार्यक्रमको अवलोकन गरी व्यवहारिक ज्ञान लिए। पुस ३ देखि ४ सम्म सञ्चालन भएको सम्मेलनमा १४ जिल्लाका २१ महिला १८ जना पुरुष गरि जम्मा ३९ जना सहभागी भएका थिए।

## न्यानो बाड्दै भूकम्पपीडित गाउँमा




विनाशकारी भूकम्पका कारण हजारौको मृत्यु भयो भने कैयौ परिवार घरबारविहीन बने। राहत तथा पुनर्स्थापनामा सरकारी ढिलासुस्तीको कारण अझै पनि हजारौ मानिस टहरा र पालमूनि बस्न बाध्य छन्। उचित वासस्थान र न्यानो कपडाको अभावको कारण भूकम्पपीडीतले यो पाली अझै दुख पाए। चिसोकै कारण भूकम्पपीडीतले ज्यानसमेत गुमाउनुपरेको खबरहरू आए। भूकम्प प्रभावित परिवारहरूलाई जाडोबाट राहत प्रदान गर्न आत्मनिर्भर केन्द्रले भूकम्पपीडित पाँच जिल्लामा लगभग २०,००० ब्ल्याङकेट वितरण गरेको छ। जाडो बाट बच्ने विविध उपायहरू बारे अभिमुखीकरण गराई प्रति परिवारलाई २–२ वटाका दरले सिन्धुपाल्चोकको हेलम्बु, किउलमा, इचोक, महांकाल र तालामाराङमा जम्मा ५५७४ वटा ब्ल्याङकेट भूकम्पपीडितलाई वितरण गरिएको छ। त्यस्तै रसुवाका मा ५१९९, ओखलढुङ्गाका मा २४६०, रामेछापमा ४६९९ र नुवाकोटमा १५३६ गरी जम्मा १९४६८ ब्ल्याङकेट आत्मनिर्भर केन्द्रले भूकम्पपीडित परिवारहरूलाई सहयोग गरेको छ। एक्शनएड, डब्लुजेआर, हेल्पएज इन्टरन्यासनल र अन्तराष्ट्रिय श्रम संगठनको सहयोगमा आत्मनिर्भर केन्द्रले ब्ल्याङकेट वितरण गरेको हो।

## राष्ट्रिय योजना आयोगसँग सम्वाद



राष्ट्रिय भूमि अधिकार मञ्चले पुनर्निर्माणमा भूमिको सवालमा छलफल गरेको छ। राष्ट्रिय योजना आयोगका सभाहलमा आयोगका उपाध्यक्ष डा युवराज खतिवडा को उपस्थितीमा छलफल गरिएको हो। सासंद काशीनाथ अधिकारी, विभिन्न किसान सङ्गठन, नागरिक समाज, भूमि अभियानकर्मीहरूका बीच भएको सम्वाद श्रृंखलामा ५ महिला १८ पुरुष गरि जम्मा २३ जनाको सहभागीता थियो। छलफलमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले भूमिसम्बन्धी प्रश्नलाई हल नगरी पुनर्निर्माणको काम अपुरो हुने धारणा राख्नुभयो। छलफललाई शुरु गर्दै उहाँले भूकम्प प्रभावित जिल्लाका सुकुम्वासी, विस्थापनमा परेका समुदायको सुरक्षा, सुरक्षित क्षेत्र नक्शाकंन, कृषियोग्य भूमिको संरक्षण र विगतदेखी सल्टीन नसकेको भुमि समस्यालाई हल गर्नुपर्ने बताउनु भयो। छलफलमा डा. युवराज खतिवडाले सुरक्षित क्षेत्र नक्शाकंन र भू उपयोग ऐन बनाई कार्यान्वयन गर्ने विषयलाई अगाडि बढाउने बताउनुभयो।

## किसान परिचयपत्र प्रभाव मुल्याङ्कन

कृषि मन्त्रालयले नमुनाको रूपमा ५ जिल्लामा किसान परिचयपत्र वितरणको सुरुवात गरेको छ जसमध्ये बाँके जिल्लामा वितरण गरेको किसान परिचयपत्रको प्रभाव मुल्याङ्कन सम्पन्न गरिएको छ। प्रभाव मुल्याङ्कनमा केएर नेपालका तर्फबाट कृष्णहरि पनेरु, राष्ट्रिय कृषक समुह महासंघका सचिव नवराज बस्नेत र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका तर्फबाट सोमप्रसाद भण्डारी र प्रेमा शाही, गैसस प्रतिनिधी लाल मणी भण्डारी र गोरखापत्र दैनिकका पत्रकार सहितको टिम रहेको थियो। टिमले जिल्ला प्रशासन, जिल्ला कृषि विकास, जिल्ला पशु विकास, गैसस र परिचय पत्र प्राप्त गरेका तथा परिचय पत्र प्राप्त नगरेका किसानहरू गरी ६ स्थानमा छुट्टाछुट्टै छलफल गरी परिचय पत्रको प्रभावकारीता बारे जानकारी लिने काम गरेको छ। छलफलमा जम्मा ७५ जनाको सहभागिता थियो।

किसान परिचयपत्रको बलियो पक्ष भनेको स्पष्ट र वर्ग छुटिने परिचयपत्र बन्नु मुल्याप्नले पाएको छ भने सूचना सम्प्रेषनको पक्ष भने कमजोर देखिएको छ। सुरुमा कृषि कार्यालय ले गठन गरेको समूहका किसानले मात्र परिचयपत्र पाउने व्यवस्था भएकोमा पछि सबैले पाउनेगरी नयाँ व्यवस्था गरियो तर सो बारे राम्ररी जानकारी दिन नसक्दा सूचना सम्बन्धी किसानमा दुविधा भएको पाइएको छ। ३ चोटी सूचना जारी गरेपछि २०७३ निवेदन आएकोमा ९७३ ले परिचयपत्र पाएका छन्। प्रभाव मुल्याङ्कनबाट आएका राम्रा पक्ष र नियमावली र कार्यविधीमा थप गर्नुपर्ने पक्षहरू समेतको टिपोटको आधारमा प्रतिवेदन तयार भएको छ।

## राष्ट्रिय समितीको बैठक

भूमि अध्ययन तालिम केन्द्र ठिमुरामा यहि मिति २०७२ माघ २० र २१ गतेका दिन राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको तेस्रो वैठक सम्पन्न भएको छ। सो वैठकले भूमि अधिकार अभियानको त्रैमासिक समीक्षा र सिकाइ आदान प्रदान गरेको छ। यसका साथै वैठकले, आगामी कार्यक्रम र राष्ट्रिय आन्दोलन २०७२/७३ माथि छलफल गरी सोको खाका निर्माण र नेपाली काँग्रेस महाधिवेशनमा पेश गर्ने सुझाव पत्र समेटिएको त्रैमासिक योजना निर्माण गरेको छ।

बैठकमा आत्मनिर्भर केन्द्का कार्यकारी निर्देशक जगत देउजाले आगामी दिनमा संगठन र कार्यकर्तालाई बलियो बनाउने ज्ञान र त्यसलाई व्यवहारमा उतार्ने १० सुत्रीय सीप बारे प्रस्तुती गर्नुभयो। भूमि र कृषि व्यवस्था प्रचलनमा आइरहेको अन्तराष्ट्रिय, राष्ट्रिय, जिल्ला तगा स्थानीय फेरबदलमा जानकार भइरहने, हरेक काम गर्दा सहभागीमूलक व्यवहार अपनाउने, प्रतिरोध बाहेक अभियानको अन्य रचनात्मक तरिकामा जोड दिने, आर्थिक बाहेक पनि मानवीय र भौतिक सहयोगलाई महत्व दिने जस्ता सुझाव निर्देशक देउजाले राख्नुभयो।

## लैंगिक हिंसा विरूद्ध ऱ्याली तथा सडक नाटक



लैंगिक हिंसा विरुद्ध १६ दिने अभियानको सन्दर्भ पारेर १९ मंसिर २०७२ मा मेलम्ची नगरपालिका सिन्धुपाल्चोकमा लैगिंक हिंसा विरुद्ध ऱ्याली तथा सडक नाटक आयोजन गरियो । हेलम्बु, किउल, ईचोक, महाँकाल, तालामाराङ, नवलपुर र भिमटारबाट आएका सय भन्दा बढि ग्रामिण महिलाहरूले मेलम्ची बजार परिक्रमा गरी कोण सभा गरेका थिए ।

घर शान्ति नै विश्व शान्तीको आधार नाराका साथ गरिएको उक्त कार्यक्रममा सिन्धुपाल्चोक क्षेत्र नं. ३ का नेकपा एमाले, नेपाली का काँग्रेस, नेकपा एमाओवादी, राप्रपा नेपालका पार्टी प्रतिनिधिहरू सहभागी भई महिला हिंसाका विरुद्ध आवाज उठाउने प्रतिवद्धता व्यक्त गरेका थिए साथै स्थानिय तथा राष्ट्रिय कलाकारहरूले सडक नाटक प्रदर्शन गरी महिला हिंसा विरुद्ध जागरुक हुन सन्देश दिएका थिए ।

## भूमि ऐन र सुकुम्बासी आयोगबारे छलफल

यहि माघ २९ गते भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा भूमि ऐन कार्यान्वयनका लागि छलफल भयो । छलफलमा उपसचिव गोपाल गिरी, सहसचिव एंव जग्गा प्रशासन महाशाखा प्रमुख टिकाराम घिमिरे र राष्ट्रिय भूमि अधिकार मञ्चका पदाधिकारीहरूको सहभागिता रहेको थियो । छलफलमा मञ्चका प्रतिनिधीहरूद्वारा भूमि नियमावलीमा मोही बाँडफाँड सम्बन्धी समस्या र समाधानका उपायहरू मध्ये नपरेका कुराहरूलाई कार्यविधीमार्फत् कार्यान्वयमा ल्याइनुपर्ने सुझाव पेश गरियो । मञ्चले पेश गरेका सुझावलाई सम्बोधन गरी सो कार्यविधी मन्त्री परिषदमा लैजाने निर्णय भएको छ ।

सोही दिन भूमि सुधार तथा व्यवस्था मन्त्री रामकुमार सुब्बासँगको भेटमा मञ्चका प्रतिनिधीहरूले सुकुम्बासी आयोगलाई चाडै कामकाजी बनाउनुपर्नेबारे छलफल गरेका छन् । यसका लागि मन्त्रालयका सचिवसँग समन्वय गरी फागुन ९ भित्र वा १६ पछि एक अन्तक्रिया कार्यक्रमको आयोजना गर्ने सुझाव मन्त्री सुब्बाले दिएका छन् ।

## भूमि समस्या समाधानको लागि प्रधानमन्त्रीलाई माग पत्र

जिल्ला भूमि अधिकार मञ्च रसुवामार्फत ४ बुँदे माग राखी प्रधानमन्त्री केपी शर्मा ओलीलाई माग पत्र बुझाइएको छ । पुस १ गते रसुवा जिल्लाको सदरमुकाम धुन्चे आइपुगेका प्रधानमन्त्री ओलीलाई एक कार्यक्रमको अवसरमा राष्ट्रिय भूमि अधिकार मञ्चका सदस्य भवानीप्रसाद न्यौपाने र जिल्ला भूमि अधिकार मञ्चका अध्यक्ष चित्रकुमारी न्यौपानेले संयुक्तरूपमा माग पत्र पेश गर्नुभयो । मञ्चले प्रधानमन्त्री ओलीमार्फत जिल्लामा रहेको बिर्ता, गुठी र सुकुमबासी समस्या समाधान गर्न माग गरेको छ । साथै नेपाल सरकारले यथासक्य चाडो पुनर्निर्माण प्रक्रियाको सुरुवात गर्नुपर्ने र यस्तो पुनर्निर्माण गर्दा पहिलो प्राथमिकतामा भूमिहीन, सुकुमबासी, महिला किसान, ग्रामीण किसानहरूलाई राखी सहयोग गर्न माग गरिएको छ । मञ्चले सरकारले राहतस्वरूप उपलब्ध गराउने भनेको २ लाख रुपियाँले घर निर्माण हुन नसक्ने भन्दै राहत सहयोग रकम ५ लाखसम्म बनाउनुपर्ने र थप ५ लाखसम्म सहुलियत व्याजमा ऋण विना धितो दिने व्यवस्था मिलाउन माग राखेको छ ।

## आधारभूत अध्ययन तालिम

आधारभूत तथ्याय्को अवधारणा र प्रयोगबारे जानकारी दिन धनुषाको लालगढ र बर्दियाको ठाकुरद्वारामा तीन दिने आधारभूत अध्ययन तालिम सम्पन्न गरिएको छ। तालिममा आत्मनिर्भर केन्द्रको आगामी तीन वर्षका कार्यक्रमहरूको उदेश्य, गतिविधी र नतिजाहरूबारे सहभागीहरूलाई विस्तृत जानकारी गराइएको थियो। साथै नतिजामा आधारित मूल्याय्न र लग फ्रेमबारे पनि सहभागीहरूलाई अभिमुखिकरण गराइयो। तालिमको अन्त्यमा सहभागीहरूले चैतमा सम्पन्न गर्ने गरी आआफ्नो जिल्लाको कार्ययोजना पनि तयार पारे। आधारभूत अध्ययनका लागि फरम्याट र चेकलिस्ट तालिममै बनाई जिल्ला जिल्लामा पठाउने काम पनि भइसक्यो।



## आत्मनिर्भर केन्द्रलाई वार रेसिस्टर्स इन्टरन्यासनलको सदस्यता

आत्मनिर्भर केन्द्रले वार रेसिस्टर्स इन्टरन्यासनलको एक एसोसियट संस्थाको रूपमा सदस्यता प्राप्त गरेको छ। वार रेसिस्टर्स इन्टरन्यासनल विश्वको अग्रणी युद्धविरोधी संस्था हो। आत्मनिर्भर केन्द्र आफै पनि अहिंसात्मक सामाजिक



आन्दोलनको बलियो प्रवर्द्धक भएकोमा अहिंसात्मक परिवर्तनका लागि संस्थाको प्रतिबद्दता र क्रियाशीलताको कदर गर्दै वार रेसिस्टर्स इन्टरन्यासनलले सदस्यता प्रदान गरेको हो। नेपालबाट राष्ट्रिय भूमिअधिकार मञ्च, क्रोएसियाबाट सेन्टर फर पिस स्टडिज र कोलम्बियाबाट एन्टीमिलिटरिस्ट कलेक्टिभ अफ मेडेलिन अन्य सदस्यता प्राप्त संस्था हुन। यस सँगै आत्मनिर्भर केन्द्रले सदस्यता प्राप्त गरेको संस्थाको संख्या पाँच पुगेको छ।

## चुरे संवाद श्रृखला -४

यहि २०७२ माघ १४ गते नेपाल सरकार वन तथा भू संरक्षण मन्त्रालयको कार्यालयमा 'चुरे संरक्षण ऐनमा भू स्वामित्वको सवाल' विषयक संवाद कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा वन तथा भू संरक्षण मन्त्री अग्नी प्रसाद सापकोटा, सांसदहरू हरि उप्रेती (सर्लाही), प्रतीक्षा तिवारी (धनुषा), रन्जना माफी श्रेष्ठ (महोत्तरी) का साथै, सामुदायिक वन महासंघका केन्द्रीय सदस्य ठाकुर भण्डारी, छिरिङ्ग ग्याल्बु लामा, राष्ट्रिय कृषक समूह महासंघका महासचिव नवराज बस्नेत र, फरेष्ट एक्सनका डा कृष्ण पौडेल लगायत मञ्चका अध्यक्ष ल्याम ब. दर्जी र सोम प्र भण्डारी गरी जम्मा ११ जनाको सहभागिता रहेको थियो।

चुरेको सामुदायिक वनको संरक्षण र स्वामित्व त्यहिकै वासिन्दालाई दिइनुपर्ने धारणा सभासदहरूले व्यक्त गरे।



सभासदहरूले मानव सहितको चुरे संरक्षणमा आफ्नो ऐक्यवद्धता भएको बताए। सभासद हरि उप्रेतीले चुरे संरक्षणमा अव साच्चिकै योजनाबद्द रूपमा कामको थालनी गर्नुपर्ने बताए, जसको लागि वन, वातावरण, भूमिसुधार, सहकारी तथा कृषि र कानुन मन्त्रालयको संयुक्त वैठक बसी एक अर्कले गरेको निर्णय कार्यान्वयनमा सहकार्य गर्ने र समिती बनाएरै काम गर्नुपर्ने रणनीति अपनाउनुपर्ने धारणा वहाँले व्यक्त गर्नुभयो। मन्त्री अग्नी सापकोटाले चुरे संरक्षणको कुरा महत्वपूर्ण भएको र यस विषयमा काम गर्दै आइरहेको भूमि अधिकार मञ्चको काम सह्राहनीय भएको बताए। कार्यक्रमको प्रभावबाट सांसद लगायत वन मन्त्रीले मानव सहितको चुरे संरक्षणका लागि राजनैतीक उच्च संयन्त्र र प्रधानमन्त्री समक्ष लिखित प्रस्ताव लैजाने प्रतिबद्धता पेश गरेका छन्।

## महिला किसान भेला र नेतृत्व-विकास तालिम

महिला किसानका सवालबारे छलफल गर्न मकवानपुर र चितवन जिल्लामा महिला किसानको जिल्ला स्तरिय भेला भएको छ। कार्यक्रम मंसीर १० देखि १३ सम्म सञ्चालित गरिएको थियो। चितवनमा ४१ जना र मकवानपुरमा ३४ जना गरि ७५ महिला किसान भेलामा सहभागी भएका थिए।

उत्पादित बस्तुले राम्रो मुल्य नपाउनु, समयमा गुणस्तरीय बिउँमल नपाउनु, महिलाले कृषिमा गरेको कामको मुल्याङ्कन नहुनु, खेती गर्ने प्राविधिक ज्ञान नहुनु र महिलामैत्री कृषि औजार नपाउनु जस्ता समस्या प्रति महिला किसानले सरोकारवालाहरूको ध्यानाकर्षण गराएका थिए। त्यस्तै महिलाको नाममा जमिन नहुनु, घरमा पुरुषको आधिपत्य र निर्णयप्रक्रियामा महिलाको भूमिका नहुँदा आफुले चाहेको बाली लाउन नपाउनु, महिला र पुरुष कृषि मजदुरको ज्याला फरक हुनु, पुरुषहरू विदेशिएकोले घर र खेती दुवैको बोझ महिलाले उठाउनुपर्ने तर त्यसका बावजुद किसानको रूपमा पहिचान नपाउनु आदि जस्ता महिला किसानले भोग्दै आएका समस्या बारे पनि भेलामा छलफल भएको थियो। यी पक्षहरूलाई सम्बोधन गर्दै महिला किसानको सशक्तिकरण गरिनुपर्ने माग भेलाले गरेको थियो।



त्यस्तै भूमि अध्ययन घर ठिमुरामा राष्ट्रिय महिला किसान मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चका सदस्य र पदाधिकारी समेत जम्मा २२ जनाको सहभागीतामा अगुवा महिला किसान नेतृत्व विकास तालिम सञ्चालन गरियो।

तालिम मार्फत अगुवा महिला किसानहरूको नेतृत्व, संविधानमा महिला अधिकार, लैङ्गिक विभेद र यसले पारेको असर, भूमिमा महिला अधिकार, कृषि विकास रणनीतिका बारे जानकारी हासिल गरी क्षमता विकास भएको छ। यसका साथै राष्ट्रिय महिला किसान मञ्चका पदाधिकारीहरूले आफ्नो मञ्चको नियमावली र आचारसंहिता निर्माण र पारित गरी लागु गरेका छन्।

## आत्मनिर्भर केन्द्र र आइएलसी बीच सम्झौतापत्रमा हस्ताक्षर

आत्मनिर्भर केन्द्र र आइएलसीबीच आइएलसीको राष्ट्रिय रणनीति, न्याशनल इन्गेजमेन्ट स्ट्राटेजी (नेस) लागु गर्न सम्झौता भएको छ। कोलार्प, सिडिएस, मोड, अभियान नेपाल र राष्ट्रिय भूमिअधिकार मञ्च नेपालबाट अन्य नेस सदस्य हुन्। नेस कार्यान्वयन गर्न सम्झौता अनुरूप आत्मनिर्भर केन्द्रले ४ ७०,००० प्राप्त गरिसकेको छ। केन्द्रले नेपालबाट अन्य नेस सदस्य बीच संयोजनको पनि काम गर्नेछ।

# सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस्। छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन्। तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो।

**पठाउने ठेगाना :**

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**

पोस्ट बक्स नम्बर १९७९०, फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३

इमेल landrights@csrcnepal.org



## वड्का सिसहनियाँ गाउँ भूमिअधिकार मञ्च, दाङ

वड्का सिसहनियाँ गाउँ भूमिअधिकार मञ्च २०६१ साल मंसिरमा गठन भएको हो। संगठनमा प्रमाण पूर्जा पाएका १२ जना मोही र ६ जना सुकुम्वासी गरी १८ जना संगठित भएका थिए। मोहीयानी हक लिन ऐलानी जग्गाको लालपूर्जा लिनका लागि किसान संगठित भएका हुन्।

स्वान संस्थाले २०६१ साल चैत महिनामा १२ जना मोहीको मोही छिनोफनो गरी पाउ भनि भूमि सुधार कार्यालयमा मुद्दा दर्ता गर्नमा सहयोग गरेको थियो। मोहीहरू झावु चौधरी ३ विगाह मध्ये १ विगाह १० कठ्ठा, विरिलाल चौधरी २ विगाह मध्ये १ विगाह, होम प्रसाद चौधरी ३ विगाह मध्ये १ विगाह १० कठ्ठा, रघुनाथ चौधरी २ विगाह मध्ये १ विगाह,आशाराम चौधरी ३ विगाह मध्ये १ विगाह १० कठ्ठा, नन्द लाल चौधरी १२ धुर मध्ये ६ धुर र भरथ राम चौधरीले १ विगाह मध्ये १० कठ्ठा जग्गाको मालिक बन्न सफल भएका छन्। जसको मोही वाँडफाँड भएको छैन ती मोहीहरू संगठनमा सक्रिय रहेका छन्।

संगठनमा ऐलानी जग्गा उपयोग गरेका र मोही गरी ३६ जना जनजाति सदस्य रहेका छन्। संगठनमा ११ महिला र २५ पुरुष रहेका छन्। गाउँमा रहेको ऐलानी २ विगाह २ कठ्ठा जग्गा २०३९ सालदेखि १० धुर देखि ५ कठ्ठासम्म जग्गा गाउँ मञ्च सदस्यले उपयोग गर्दै आएका छन्। गाउँका ठालुहरू उपयोग गरेको जग्गालाई कहिले गाउँमै रहेको विद्यालय श्री सर्वोदय उ.मा.वि. तथा शिवमन्दिरको नाममा दर्ता गरिनु पर्छ भनि विवाद गर्ने त कहिले अन्नवाली नष्ट गरिदिने काम गर्दथे। उपयोग गरेकाहरू सधैको विवादले हैरान भएपछि गाविसमा वैठक राखी गाविसवाट जोतभोग गरेको जग्गा उनीहरूको नाममा दर्ता गरिदिनु पर्छ भनि सिफारिस वनाएका छन्।

गाउँ मञ्चमा नियमित रूपमा बैठक बस्ने गरेको छ। अगुवाले आफै बैठक बसाल्न सक्ने छन्। बैठकमा बुलेटिनमा आएका लेख घटना पढ्न सक्नेले पढेर सुनाउने गर्छन्। आन्दोलन कोष उठाउने, हिसाव सुनाउने गर्दछन्। महिनाको रु.२०/- दरले आन्दोलन कोष उठाउने गर्छन्। अहिले सम्म आन्दोलन कोष रु.४०,६४७/- रहेको छ। गाउँ मञ्चबाट गाविस तथा जिल्लामा हुने आन्दोलनमा खर्च गर्दै आएका छन्। आन्दोलन जाने सदस्यलाई यातायात मात्र हैन खाजा नास्ताको लागि समेत खर्च दिने गरेका छन्। लामो आन्दोलन भयो भने गाउँ मञ्चका सदस्यहरू आन्दोलनमा गएको सदस्यको सवै जना मिली खेतीपातीको काममा सघाउने गर्दछन्। भोजभतेरमा संगठनका सबैले सहयोग गर्दछन्।

गाउँ मञ्चका २ जना सदस्य मोहन लाल चौधरी र शिउकली चौधरी र भागीराम चौधरी र दुःखनी चौधरीले संयुक्त लालपुर्जा वनाएका छन। गाउँ मञ्चले प्रत्येक वर्ष योजना बनाएर काम गर्ने गर्दछन। योजना अनुरूप नै अगाडि बढ्ने गर्दछन। गाउँ मञ्चका सदस्य भिम बहादुर चौधरी जिल्ला सदस्य रहेका छन।

संगठनका सबै सदस्यहरूले सदस्यता लिई नियमित नविकरण गर्दै आएका छन्। बैठक निर्णय पुस्तिका तथा आन्दोलन कोषको हिसाबकिताब व्यवस्थित रूपमा राखेका छन्। गाउँ मञ्चको सदस्यको घरमा बैठक बस्ने गर्दछन्। बैठकमा उपस्थित नभए वा भनेको समयमा उपस्थित नभए रु.५ जरिवना लिने नियम बनाएका छन्। सबै सदस्यहरू समयमा नै उपस्थित हुन्छन्।

वर्षमा १ पटक संगठनका सदस्यहरू रु.१००/- दरले पैसा उठाएर खानपिन कार्यक्रम गर्छन। खानपिन कार्यक्रममा गाउँको अगुवा, गाउँमा रहेका राजनीतिक दलका कार्यकर्ता र गाविस सचिवलाई पनि बोलाउने गर्दछन्। खानपिन मात्र नभई कार्यक्रममा संगठनका सदस्यहरू आफ्ना सुखदुःखका कुरा सुनाउने र गाउँ मञ्चको प्रगति प्रतिवेदन र आर्थिक प्रतिवेदन पनि सुनाउने गर्दछन्।

२०६१ सालदेखि निरन्तर आन्दोलन गर्दै आएका सुकुम्वासी, भूमिहीन तथा मोहीले जग्गाको अधिकार नपाए सम्म आन्दोलन नछोड्ने अठोट गरेका छन्। गाउँमा आफ्नो संगठनको छुट्टै पहिचान बनाएका छन्। संगठित भएको कारण सदस्यहरू बलियो भएको महशुस पनि गरेका छन्। गाउँको निर्णयमा पनि सहभागिता राम्रो रहेको छ। संगठन बनाए पछि ऐलानी जग्गा उपयोगमा कुनै विवाद आएको छैन। त्यसैले गाउँ मञ्चका सदस्यहरू भन्दछन संगठन नै बल भएको छ।

– रेमन्त चौधरी

# शब्द तस्बिर



श्रमशिविर मार्फत भूमि अधिकार मञ्च, रसुवाको भूमिघर वरपर सरसफाई, बाटो र फूलबारी बनाउँदै जिल्ला मञ्चका सदस्यहरू ।

*फोटो : विश्वास नेपाली*